# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्टभूमी

नेपाल बहुभाषिक, बहुसांस्कृति, बहुजातीय, भौगोलिक दृष्टिले बिविधतायुक्त देश हो । नेपालको बिभिन्न भागमा विविध भाषाभाषी, जनजाती, वर्ग र सम्प्रदायका मानिसहरू बसोबास गर्दछन् । नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा जम्मा १२५ वटा जातजातीहरूको बसोबास रहेको पाइन्छ । नेपालको कुन जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ (२६४९४५०४) रहेको पाइन्छ । जसमध्ये सबैभन्दा बढी संख्या क्षेत्री जातीको ४३ लाख ९८ हजार ५३ (४३९८०५३) रहेको पाइन्छ भने सबैभन्दा कम संख्या कुसुण्डा जातीको २ सय ७३ (२७३) रहेको पाइन्छ । हाल नेपालको साक्षरता प्रतिशत ६६% रहेको पाइन्छ । पुरुषको साक्षरता प्रतिशत ७५.२% र महिला साक्षरता प्रतिशत ५७.४% रहेको पाइन्छ । नेपालको जम्मा साक्षरता संख्या ८१२७२०४ रहेको पाइन्छ । जसमा पुरुषको साक्षरता संख्या २८५९६४३ रहेको पाइन्छ भने महिलाको साक्षरता संख्या ५२६७५६१ रहेको पाइन्छ । त्यसरी नै नेपालमा कुमाल जातीहरूको जम्मा साक्षरता प्रतिशत ६३.१% रहेको छ । पुरुषहरूको ७१.६% रहेको छ भने महिलाहरूको साक्षरता प्रतिशत ५५.६%रहेको छ । (**राष्ट्रिय जनगणना २०६८ संक्षिप्त नतिजा**)

नेपाल विभिन्न भाषाभाषी, जातजाती र धर्मावलम्बीहरूको साझा फूलवारी हो । विभिन्न जातीहरूको संगम स्थलको रूपमा रहेको नेपाल विश्व समुदायका लागि एक सांस्कृतिक संग्राहलयको रूपमा रहेको छ । यहाँ बसोबास गर्ने प्रत्येक जाती वा समुदायले आफ्नो संस्कृति, रितिरिवाज, सामाजिक संरचना तथा आर्थिक पक्षको विकास गरेर आफ्नो जातीय पहिचान प्रस्तुत गर्न थालेका छन् । एउटै राष्ट्र नेपालमा बस्ने कुनै एक जातीको एकपक्षमाथि कमी आउनासाथ सिङ्गो मुलुकको विकासमा प्रभाव पार्ने नेपालीहरूको वासस्थान हिमाल, पहाड, तराई उपत्यकाको साथै नेपालभरी बस्ने जातीहरूको सम्पुर्ण क्षेत्रहरूको उत्थान गरी एउटा मुल प्रवाहमा समेटिएर मात्र देशको विकास हुन सक्छ । मानव समुदायको ठोस क्रियाकलापलाई शिक्षाले हरपल हर क्षेत्रमा महत्वपूर्ण भुमिका खेलेको हुन्छ । देश विकासमा त्यस देशको शिक्षा प्रणालीले सहयोग पुऱ्याएकोहुन्छ । शिक्षा बालबालिकाको सर्वाङ्गिण पक्षको विकासको माध्यम हो । शिक्षाले सामाजिक न्यायको

प्रतिस्थापन  गर्दछ । अहिले विश्व परिवेशमा हेर्ने हो भने हरेक राष्ट्रका हरेक नागरिकहरूले शिक्षा प्राप्त गर्नु जरुरी र अनिवार्य  छ । (**दाहाल, २०६१**)

नेपालको शिक्षा प्रणलीमा सुधार गर्दै गुणस्तरीय शिक्षा र सबै जनजाती वर्ग र समुदायको पहुँचको लागि नेपाल सरकारले बिभिन्न प्रयासहरू गर्दै आएको छ । सन् १९९० मा  थाइलेण्डको जोमटिनमा भएको शिक्षा मन्त्रीहरूको सम्मेलनले सन् २००० सम्म "सबैका लागि शिक्षा" भन्ने घोषणा पत्र जारी गरेको थियो । नेपालले उक्त सम्मेलनमा सहभागी भई आफ्नो प्रतिवद्धता जाहेर गरी विभिन्न स्तरका कार्यक्रमहरू संचालन गरिरहेको छ । विकासोन्मुख देशहरूमा प्राथमिक विद्यालय जाने उमेर  पुगेका वालवालिका विद्यालय शिक्षाबाट बञ्चित भएको पाइएकाले सन् १९९० मा यो नारा प्रचलनमा आएको हो । सन् २००० को अप्रिलमा  सेनेगलको डाकारमा पुनः सम्मेलन आयोजना गरिएको  थियो । जसमा विश्वका ११८ राष्ट्रहरू सहभागी भई सामुदायिक प्रतिवद्धता जाहेर गरेका थिए । उक्त सम्मेलनले बालकदेखि युवा, प्रौढ, महिला जनजाती, आदिवासी सबैको अधिकारलाई सुनिश्चित गर्न सन् २०१५ सम्म उपलब्धी हासिल गर्ने गरी शिक्षाका ६ वटा लक्ष्य निर्धारण गरेको थियो । जसमा सन् २०१५ सम्मको उपलब्धीमा द्वन्द्वमा रहेका बालवालिकाहरू तथा जनजाती र अल्पसंख्यक समुदायका बालवालिकाहरूलाई पूर्ण तथा अनिवार्य निःशुल्क शिक्षा प्रदान गर्ने, महिलाहरूका लागि आधारभुत तथा निरन्तर शिक्षामा समान पहुँचको अवसर प्रदान गर्ने, शिक्षामा लैङ्गिक विभेद हटाउने जस्ता ६ वटा लक्ष्य निर्धारण गरेकोमा नेपाल सरकारले देश भित्रका विभिन्न जनजाति र पृथक भाषाका अल्पसंख्यक जनताले आ-आफ्नो मातृभाषाको माध्यमबाट आधारभुत तथा प्राथमिक शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने भनि उल्लेख गरेको  पाइन्छ । (**शर्मा, २०६९:६५६-६५८**)

शिक्षाले पछाडि परेका समुहलाई राष्ट्रिय मुलधारमा ल्याउन महत्वपूर्ण साधनको रूपमा भुमिका खेल्दछ । खासगरी महिला र बालवालिकाहरूको लागि शिक्षामा गरिएको लगानी  बहुमुल्य सावित भएको छ । शिक्षा यस्तो महत्वपूर्ण तत्व हो जसले  जीवनका हरेक पक्षहरूमा महिला तथा बालवालिकाहरूको अभिवृद्धि र व्यवहारमा सकारात्मक परिवर्तनको अनुभूति गराउँछ । आफ्नो कुरा आत्मविश्वासका साथ अरु समक्ष राख्न, रोजगारीमा समान अवसर प्राप्त गर्न तथा बिद्यमान लैङ्गिक विभेद कम गरी समान रूपमा जीवन ब्यतीत गर्न शिक्षाले सहयोग गर्दछ । गरिवी निवारण मानव विकास र आधारभुत

शिक्षा बीचमा निकट सम्बन्ध रहेको हुन्छ । विशेष गरी आधारभूत र प्राथमिक शिक्षाको यसमा महत्वपूर्ण भूमिका रहेको हुन्छ । (**सुवेदी, २०१०**)

नेपाल सरकारले सन् २०१५ सम्म सबै निरक्षरलाई साक्षर बनाउने परिकल्पना सहित आर्थिक वर्ष २०६९/७० को वजेट बक्तव्य मार्फत "साक्षर नेपाल अभियान" कार्यक्रम अगाडि ल्याएको छ (साक्षरता विशेषाङ्क २०६९:५) । त्यस्तै सन् २०१५ सम्ममा देशभरका ६ वर्षभन्दा माथिको साक्षरता दर ७५% पुऱ्याउने लक्ष्य राखेको छ । प्राथमिक तहमा अहिले विद्यालय जाने उमेरका करिब ४.९% बालवालिका विद्यालय बाहिर रहेका छन् । (DOE,२०१३) नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ धारा १७ मा शिक्षा र संस्कृति संम्बन्धी हकमा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभुत शिक्षा पाउने हक हुनेछ र प्रत्येक नागरिकलाई राज्यवाट व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने व्यवस्था उल्लेख छ । नेपालमा प्राथमिक विद्यालयमा समग्र भर्ना दर ९०% भन्दा माथि हुनु खुसीको कुरा भए तापनि विद्यालय बाहिर रहेका १० % मध्ये धेरै जसो ऐतिहासिक, भौगोलिक, आर्थिक, सामाजिक रूपमा बञ्चित र सिमान्तकृत समुदाय बालवालिकाहरू छन् । (**गौतम, २०७०:३२**)

आदिवासी जनजाति प्रतिष्ठानद्धारा साक्षरता दर, घर तथा आवास सुविधा, पेशा, भाषा, शिक्षाको स्तर र जनसंख्याको आकार आदि आधारमा तयार गरिएको आदिबासी जनजातीको प्राथमिकीकरण एंव बर्गिकरण विवरण अनुसार कुमाल जातिलाई सिमान्तकृत समुहमा सुचिकृत गरिएको छ । (शर्मा २०६७:२८५) कुमाल जातिको इतिहास हेर्ने हो भने मानिसले व्यवस्थित ग्रामीण जीवनको शुरुवात गरेदेखि नै भएको हो । मानिसले अन्न जम्मा गर्न, खाना पकाउन र खान आदि कार्यको लागि भाँडोको आवश्यकता पऱ्यो र मानिसले सजिलै प्राप्त हुने माटोलाई उपयोगमा ल्यायो । विस्तारै विस्तारै यस्तो पेशागत सिपहरू विकास हुँदै गयो र समाजमा माटाका भाँडा बनाउने दक्ष तथा सिपालु व्यक्तिको अलग समुदायको रूपमा कुमाल जाति अस्तित्वमा आयो जसलाई कुम्भाकर भनियो । यही शब्द अपभ्रंश भई कुम्हार, कुम्हाल, कुम्हाले र पछि कुमाल बन्न गयो । (दाहाल र रिमाल २०६५:१४९) वि.स. २०६८ को जनगणना अनुसार कुमालहरूको जम्मा जनसंख्या १,२१,१६९ रहेको छ जुन सम्पुर्ण जनसंख्याको ०.४५%मात्र हुन आउँछ । कुमाल जातिको बसोबास

नेपालका विभिन्न जिल्लाहरू नवलपरासी, चितवन मकवानपुर, पाल्पा, स्याङ्जा, तनहुँ, लमजुङ्ग धादिङ, गोरखा आदि जिल्लाहरूमा पाउन सकिन्छ ।

CERID (1997)द्धारा गरिएको अध्ययन अनुसार कुमाल लगायतका केही सिमान्तकृत जनजातिको साक्षरता ३०.३२%रहेको पाइन्छ (पौडेल, सन् २००२)। जनजातिहरूको शिक्षामा असर पार्ने सामाजिक, आर्थिक तत्वका साथै भौगौलिक तत्वलाई पनि जिम्मेवार मान्न सकिन्छ । ग्रामीण तहका मानिसहरूको आम्दानी कम हुने र शिक्षा भन्दा खाद्यान्न पहिलो प्राथमिकतामा राख्ने परिपाटीका कारणले उनीहरूको शिक्षा भन्दा पहिलो प्राथमिकतामा खाद्यान्न हुने गर्दछ । त्यसरी नै छोराछोरी बिद्यालय पठाउने कार्यमा यसले महत्वपूर्ण भुमिका खेल्दछ ।

नेपाल सरकारले विभिन्न जातजाती तथा सिमान्तकृत समुदायलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू ल्याए तापनि त्यस्ता कार्यक्रमहरूले उनीहरूलाई सम्बोधन गर्न सकेको छैन् । लक्षित वर्गसम्म निर्धारित कार्यक्रम नपुगी बीचमा नै हराउने गर्दछन् जसको कारण शिक्षा क्षेत्रमा गरिएको लगानी बालुवामा पानी हाले सरह भएको छ । कुमाल समुदायका मानिसहरूँग पर्याप्त मात्रामा खेतीयोग्य जमिन नभएको तथा त्यसबाट उत्पादन भएको खाद्यान्नले ३-४ महिना पनि धान्न मुस्किल पर्ने भएकाले उनीहरू आर्थिकोपार्जनका लागि शहरी इलाकातिर ज्याला मजदुरीमा संलग्न हुने गर्दछन् । माटाका भाँडा बनाउनका लागि आवश्यक पर्ने कच्चा माटो नपाइनु, सामुदायिक वनहरूले माटो खन्न नदिनु, टाढाबाट माटो बोकेर ल्याउनुपर्ने घर घरमा भाडा बिक्री गर्न जानुपर्ने जस्ता कारणले उनीहरूले आफ्नो पेशा छोड्दै गएको पाइन्छ । त्यस्तै आधुनिक प्रबिधिमा भएको विकास र औद्यौगिकीकरणको कारण धातु तथा प्लाष्टीकबाट आकर्षक र सहज भाडा कुँडाहरूको विकास निर्माण कार्यमा तीब्रता आउनुका साथै सस्तो मुल्यमा टिकाउ सामाग्रीहरू पाइन थालेपछि कुमालहरूको परम्परागत पेशा संकटमा पर्दै गएको पाइन्छ । उनीहरूले आफ्नो पेशामा समय अनुसार परिमार्जन गर्न नसकेको कारणले उक्त पेशा छोडेर अन्य क्षेत्रमा अग्रसर हुदै गएका छन् ।

समाजशास्त्रका ३ वटा सिद्धान्तहरूले मुख्य रूपमा शिक्षाको वारेमा व्याख्या बिश्लेषण गर्ने गरेको पाइन्छ । जसमा संरचनाबादी सिद्धान्त, सांकेतिक अन्तक्रियात्मक सिद्धान्त र द्वन्दात्मक सिद्धान्त मुख्य रहेका छन् । यिनीहरूको शिक्षा प्रणाली सम्बन्धी दृष्टिकोणहरू फरक रहेका छन् । संरचनावादी सिद्धान्त अनुसार शिक्षाले समाजमा सामाजिकीकरण, सामाजिक एकीकृतता, सामाजिक स्थानान्तरण र सांस्कृतिक नवप्रवर्तनमा

सघाउने कार्य गर्दछ । शिक्षाले समाजमा अदृश्य कार्य अन्तर्गत वालवालिकाहरूको हेरचाह गर्ने, साथी, समुह बीचमा सम्बन्ध स्थापित गर्ने, उच्च शिक्षाको माध्यमबाट श्रमशक्ति परिचालन गरेर समाजमा बेरोजगारी घटाउने कार्य गर्ने मान्यता राख्दछ ।

सांकेतिक अन्तक्रियात्मक सिद्धान्त अनुसार बालकले साथीहरू, नातेदारहरू, छिमेकीहरू, धार्मिक नेताहरू, अन्य व्यक्तिसंगको अन्तक्रिया स्वरूप आत्म प्रतिविम्ब प्राप्त गर्दछ । भविष्यमा उसले प्राप्त गरेको आत्म प्रतिबिम्बको आधारमा सामाजिक क्रियाकलापहरूको व्याख्या गर्छ । सांकेतिक अन्तक्रियात्मक सिद्धान्तको केन्द्रविन्दु कक्षाकोठा, खेलमैदान, सामाजिक अर्न्तक्रिया र  सामाजिक मुल्यहरूमा रहेको  हुन्छ ।

द्धन्दात्मक सिद्धान्त अनुसार शिक्षा समाजमा जातीय, बर्गीय, लैंगिक, भाषिक हुने र नहुने वर्ग बीचमा असमानता ल्याउने साधन हो । यस सिद्धान्त अनुसार शिक्षा समाजमा असमान रूपमा बितरण गरिएकोहुन्छ र यसको उपयोग पनि छुट्टै वर्ग समुह र उच्च तहका व्यक्तिले  मात्र गर्दछन् भन्ने मान्यता राखिन्छ ।

शिक्षा समाजमा निर्भर रहेको हुन्छ । समाजमा प्रचलित मुल्य मान्यता, संस्कृति र धर्मले शिक्षा प्रणालीमा प्रभाव पारिरहेको हुन्छ । त्यसैले समाज, संस्कृति र मुल्य मान्यता अनुरूपको पाठ्यक्रमका विषयवस्तुहरू छनोट गरिन्छ । अन्यथा पाठ्यक्रमले सामाजिक स्वीकृति पाउन सक्दैन ।

## १.२ समस्याको कथन

सबै क्षेत्र, जनजाती, सिमान्तकृत समुह, भुगोलमा राज्यले प्रदान गरेको सेवा सुविधाहरू शिक्षा, स्वास्थ्य खाद्यान्न, रोजगारी तथा अन्य अवसरहरूको वितरण समान किसिमले हुन सकिरहेको छैन् । वि.स. १९९० मा औपचारिक शिक्षाको थालनी भए तापनि वर्तमान परिवेशसम्म पनि देशका १७ लाख मानिसहरू निरक्षर रहेका छन् (कान्तिपुर दैनिक, २०७१:१०)। सरकारले महिलाहरूलाई साक्षर बनाउनको लागि वि.स. २०१३ सालबाट १५ देखि ४५ वर्ष उमेर समुहका मानिसहरूका लागि अनौपचारिक प्रौढ शिक्षाको थालनी गरेको भए तापनि सामाजिक, आर्थिक, भौगौलिक रूपमा पिछडिएका जनजातिको साक्षरता ६८.६२ प्रतिशत मात्र रहेको पाइन्छ जसलाई माध्यमिक तहको शिक्षामा जनजातीहरूको भर्ना ३९.५ प्रतिशत तथा उच्च शिक्षामा उनीहरूको भर्ना प्रतिशत केवल २२.३० प्रतिशत रहनुले पनि प्रष्ट पारेको छ (Flash Report२००९ १०:४३)।प्राथमिक विद्यालय उमेर समुहका

४९%बालवालिकाहरू विद्यालय बाहिर  नै रहेका छन् (DOE, 2013)। सरकारद्धारा प्रदान गरिने विभिन्न किसिमका छात्रबृत्तिले तिनीहरूलाई समेट्न  सकेको पाइदैन् । आफ्नै स्वामित्वमा जग्गा जमिन नहुँदा अरुको खेतवारीमा अधिँया गर्नुपर्ने, दैनिक नुन तेल जुटाउनको लागि ज्याला मजदुरी गर्नुपर्ने कारण कुमालहरू छोराछोरीहरूलाई सहयोगीका रूपमा काम लगाउने तथा भाई  बहिनीको हेरचाह गर्न लगाउने गर्दछन् । जसको  कारण उनीहरू विद्यालय जान पाउदैनन् । त्यसैले यस अध्ययनलाई समस्याका रूपमा छनौट गरिएको हो । कुमाल समुदायमा रहेको माथि उल्लेखित विषयका अतिरिक्त यो अध्ययन निम्न प्रश्नहरूमा केन्द्रित रहनेछः

- कुमाल बालवालिकाहरूको शिक्षामा पहुँचको अवस्था कस्तो छ?
- सल्यानटार गा.वि.स.मा रहेका कुमालहरूको शिक्षाको पहँचमा असर पर्ने कारणहरू के के हुन्?
- कुमालहरूको शिक्षा प्रतिको दृष्टिकोण कस्तो छ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन् :

- अध्ययन क्षेत्रका कुमालहरूको शैक्षिक अवस्था पत्ता लगाउनु,
- शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्वहरू पहिचान गर्नु ।

## १.४ अध्ययनको औचित्य

कुमालहरूको बदलिदो समय परिवेश अनुसार आफ्नो पेशामा नवीनता ल्याउन नसक्दा परम्परागत माटाका भाँडा बनाउने पेशा छोड्दै गइरहेका छन् । परम्परागत पेशावाट आर्थिक उपार्जन गर्न नसकेर उनीहरू दैनिक जीवन चलाउनका लागि देशका मुख्य शहरहरूमा ज्याला मजदुरीमा काम गर्न जाने गर्दछन । कुमालहरूको शैक्षिक अवस्था सम्बन्धमा ७-८ वटा मात्र खोज अनुसन्धानहरू गरिएको पाइन्छ । त्यति खोज अनुसन्धानले देशका विभिन्न भागमा बसोबास गर्ने कुमालहरूको शैक्षिक अवस्था बारेमा जानकारी प्रदान गर्न पर्याप्त छैनन् । त्यसकारण थप अध्ययन अनुसन्धान गर्नु आवश्यक देखिन्छ । कुमालहरूको शैक्षिक अवस्थासँग सम्बन्धित रहेर खोज अनुसन्धान गरिने भएकोले यस अध्ययनको औचित्य निम्नानुसार रहेका छन् :

- यो अध्ययन कुमालहरूको शैक्षिक अवस्थासँग सम्बन्धित रहेकोले उनीहरूको शिक्षाको अवस्था सम्बन्धमा जान्न चाहने, शोधकर्ता, सरोकारवालाहरू तथा नीतिनिर्माताहरूलाई आवश्यक जानकारी प्राप्त हुनेछ,
- कुमाल समुदायमा शैक्षिक कार्यक्रम प्रवाह गर्न चाहने सरकारी तथा गैह्र सरकारी संघ संस्थालाई सहयोग मिल्नेछ ।

## १.५ अध्ययनको सिमाङ्कन

यो अध्ययन कुमालहरूको शैक्षिक अवस्थासँग सम्बन्धित भएकाले यसको क्षेत्र ब्यापक छ । व्यापक क्षेत्र समेट्ने गरी अनुसन्धान गर्दा सम्पुर्ण क्षेत्रलाई समानुपातिक रूपमा समावेश गर्न सकिदैन् भने ठूलो जनसंख्यामा सम्बन्ध विस्तार गरी बास्तविक सत्य तथ्य सुचना संकलन गर्न ठुलो आर्थिक स्रोत, प्रयत्न र समयको आवश्यकता पर्दछ । अध्ययनकर्तासँग अनुसन्धान कार्य सञ्चालन गर्नको लागि आवश्यक पर्ने आर्थिक स्रोत, समय र भौगोलिक कठिनाई जस्ता कारणले गर्दा यो अध्ययन निश्चित सिमामा मात्र केन्द्रित गरिएको छ । कुमालहरूको बसोवास नेपालका विभिन्न क्षेत्रमा भए तापनि धादिङ जिल्लाको सल्यानटार गा.वि.स. मा यिनीहरूको बाक्लो बसोबास रहेको कारण यस अध्ययनलाई निम्न सिमामा मात्र सिमित गरिएको थियो ।

यो अध्ययन सल्यानटार गा.वि.स मा मात्र सिमीत रहने छ ।

- वडा नं. १ र ५ का ६ वर्षभन्दा माथिका महिला र पुरुषहरू तथा तिनीहरूका अभिभावकहरूमा मात्र अध्ययन सिमित रहेको थियो ।
- शिक्षा क्षेत्रसँग सम्बन्धित सुचना संकलन गर्नको लागि उक्त गा.वि.स. को वडा नं. ४ को उच्च मा.वि. र वडा ५ को नि. मा.वि र त्यसको वरिपरी रहेका प्रा.वि. हरूमा यो अध्ययन सिमीत रहेको थियो ।
- उक्त विद्यालयहरूमा अध्ययनरत शिक्षकहरूमा यो अध्ययन सिमीतरहेको थियो ।
- अध्ययन क्षेत्रका विभिन्न संस्थाका प्रमुख गाउँका वुद्धिजीबि ब्यक्तिमा यो अध्ययन सिमीत गरिएको थियो ।

## १.६ अध्ययनको संगठन

यस अध्ययनको अध्याय एकमा अध्ययनको पृष्ठभुमी, समस्याको कथन, उद्देश्यहरू, अध्ययनको औचित्य, अध्ययनको सिमाङ्कन, संगठन र मुख्य शब्दावलीको परिभाषा समावेश गरिएका छन् । अध्याया दुईमा अध्ययनको शीर्षकसंग संम्बन्धित सैद्धान्तिक खोजमुलक अनुभवजन्य साहित्य विशेष गरी शिक्षा क्षेत्रसँग सम्बन्धित लेख, रचना, शोधपत्र, प्रकाशित, अप्रकाशित कृति र तिनीहरूको निष्कर्षको पुनरावलोकन गरिएको छ । अध्याय तीनमा अध्ययन क्षेत्र र शीर्षक छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कका स्रोतहरू, नमुना जनसंख्या छनौट विधी र तथ्याङ्क संकलन विधी र साधनहरू साधनको वैधता र तथ्याङ्क विश्लेषण प्रक्रिया समावेश गरी पुर्णता प्रदान गरिएको छ । अध्याय ४ मा तथ्यांकको प्रस्तुतीकरण र बिश्लेषण अन्तर्गत कुमाल जातीको शैक्षिक, सामाजिक एंब सांस्कृतिक अवस्थाका बारेमा प्रस्तुत गरिएको छ । अध्याय ५ मा सारांश र निष्कर्ष समावेश गरी अध्ययन कार्यलाइ पुर्णता प्रदान गरिएको छ ।

## १.७ मुख्य शब्दालीको परिभाषा

- कुमाल : माटाका भाँडा बनाउने समुदाय
- पेशा : परम्परादेखी गर्दै आएको काम
- सिमान्तकृत : साक्षरता दर, घर, आवास, पेसा जनसंख्या आदी आधारमा नेपाल सरकारले गरेको वर्गीकरण
- अधिया : अरुको खेतवारीमा खेती गरी आधा आधा लिने कार्य

# अध्याय दुई

# साहित्यको पुनरावलोकन

## २.१ साहित्य समीक्षा

अध्ययन कार्यसँग विगतमा भए गरेका अध्ययन अनुसन्धानलाई साहित्यको रूपमा लिन सकिन्छ । साहित्य समिक्षाको आधारमा अध्ययनको व्याख्या, विश्लेषण, परिणाम तथा निष्कर्षलाई विश्वसनीय र सार्थक बनाउन सघाउ पुग्दछ । कुमाल समुदायको ऐतिहासिक पृष्ठभुमीसँग सम्बन्धित साहित्यको निम्नानुसार पुनरावलोकन गरिएको छ ।

### २.१.१ कुमालहरूको शिक्षाको इतिहास

कुमाल जातिको इतिहासलाई विश्लेषण गर्ने हो भने मानिसले ग्रामीण जीवनको शुरुवात गरेदेखी नै पेशागत रूपमा समाजमा यिनीहरूको अस्तित्व रहेको थियो । मानिसलाई खाना पकाउन र उत्पादित अन्न भण्डारण गर्ने प्रयोजनका लागि भाँडाको आवश्यकता पर्‍यो जसको परिपूर्ति गर्नको लागि उसले सजिलैसँग आफ्नो वरीपरि प्राप्त हुने माटोलाईत्यसको माध्यम बनायो । यस्तो पेशागत सीपहरूमा विस्तारै विकास हुँदै गयो र समाजमा माटाका भाँडा बनाउने दक्ष, सिपालु, व्यक्तिहरूको छुट्टै समुदायको विकास भयो जसलाई नै कुम्भकार भनियो । पछि यही शब्द अपभ्रंश भई पछि कुम्हाल, कुम्हाले र कुमाल बन्न गएको कुरा उल्लेख छ । (**दाहल र रिमाल २०५६:१४९**)

इशापुर्व २५ शय ३ हजार वर्ष पहिलेदेखि यस्तो पेशालाई अँगाल्दै आएका भारतवर्ष भरी नै यस जातिको विस्तार भएको पाइन्छ । नेपालको लुम्बिनी, कपिलवस्तु क्षेत्रमा प्राप्त खैरो माटाका भाँडाहरू तथा उत्तरी कालोमाटाका भाँडाहरूका आधारमा कुमाल जाति करिब ८ सय वर्ष पहिलेदेखी अस्तित्वमा रहेको पाइन्छ । लिच्छिबिकालमा हाडीगाउँ, धुम्वाराही क्षेत्रमा पाइएका माटाका भाँडाका टुक्राहरूले पनि त्यस क्षेत्रमा कुमालको बसोवास रहेको प्रष्ट हुन्छ । मल्ल कालमा पनि यस जातीले आफ्नो सीपको प्रदर्शन गरेर छुट्टै पहिचान बनाउन सफल रहेको पाइन्छ । कुमालहरू खास, मल्ल राज्य, वाइसी चौबिसी राज्य, मकवानपुरको सेन राज्यहरूमा यिनीहरूले उद्योग र व्यापारका सिलसिलामा आफ्नो अस्तित्व कायम राखेका थिए । जसको वलियो आधारको रूपमा हाल नवलपरासी, चितवन, पाल्पा स्याङ्जा, तनहुँ, लमजुङ्ग र धादिङ जिल्लाहरूमा रहेको उनीहरूको बसोवासलाई पनि मान्न सकिन्छ । (**दाहाल र रिमाल २०५६,: १५० १५१**)

गोरखापत्र दैनिक (२०६६/१०/२७.८) को नेपाल विशेषाङ्कमा प्रकाशित कुमाल समाज र संस्कृति नामक लेखमा कुमाल जाति अष्टोद्रविडियन नश्ल भित्रको एक जाती हो । यो जाती दक्षिणतिरबाट नेपाल प्रवेश गरेको अनुमान गरिएको छ । परम्परादेखी माटाका भाँडा बनाउने तथा माछा मार्ने काम मुख्य पेशा भएका कुमाल जातिको बसोबास नदी किनार र टारहरूमा रहेको थियो । ब्यवसायिक हिसावले तराईको भित्री मधेश र पहाडको कछाड क्षेत्रमा, जंगल नजिकका खोचहरू तथा नदी किनारमा कुमालहरूको बसोबास रहेको पाइन्छ ।

कुमालहरू मुख्य रूपमा दुई किसिमका ब्यवसायहरू अँगाल्दै आएका छन् । जीविकोपार्जनका लागि कृषि पेशालाई प्रमुख रूपमा अपनाउँदै आएका छन् भने अर्कातिर माटाका भाँडाहरू बनाएर विभिन्न गाउँमा बिक्री वितरण गर्दै आइरहेका छन् । यसलाई सानोतिनो घरेलु उद्योगको रूपमा पनि लिन सकिन्छ । कतिपय ठाउँमा कुमालहरूले कृषि र माटाका भाँडाहरू बनाउने दुवै पेशाहरू अँगाल्दै आएका छन् । भाँडा बनाउनका लागि टाढाबाट माटो बोक्नुपर्ने, दाउराको अभाव भाँडा बनाउनको लागि आवश्यक सीपहरूको अभाव, बिक्री वितरण गर्न घर घर डुलाउनुपर्ने बाध्यता, माटाका भाँडाका सट्टा प्लाष्टिकका सामाग्रीहरू सस्तो र सहज तथा कम मुल्यमा पाइने भएकोले मानिसले माटाका भाँडाहरू प्रयोग नगर्ने कारणले कुमालहरू यो पेशा छाडेर अन्य पेशा तर्फ उन्मुख हुँदै गएको पाइन्छ । यिनीहरूले घैंटा हाँडी, गमला, चिलिम, पाला, भुड्का आदि बनाउने गर्दछन् । ( **ढकाल २०६७**)

राष्ट्रिय आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन, २००१ ले आदिवासी जनजातीको पहिचानलाई मान्यता दियो । तथापि सबै आदिवासी जनजातीहरूको हैसियत समान नभएकोले राज्यबाट प्रदान गरिने सेवा सुविधा वितरणका लागि आदिवासीहरूका बीचमा बर्गीकरण गर्नुपर्ने जरुरी देखियो । मानव विकास प्रतिवेदनका आधारमा ५९ वटा आदिवासी समुहलाई पाँच बर्गमा बिभाजन गरियो जसमा लोपोन्मुख, एकदमै सिमान्तकृत, सिमान्तकृत, पछाडी पारिएका र सुविधा सम्पन्न पर्दछन् । यसरी बर्गीकरण गर्दा उनीहरूले उपभोग गरिरहेको आर्थिक लाभ र सामाजिक हैसियतलाई आधार मानिएको थियो । लोपोन्मुख समुहका मानिसले अहिले राज्यबाट सामाजिक सुरक्षा बापत सामाजिक भत्ता पाइरहेका छन् । अन्य समुहले शिक्षा, स्वास्थ्य, निजामति सेवा र रोजगारका अन्य क्षेत्रका अवसरहरूमा आरक्षण पाएका छन् । (**गुरुङ २०७०:६७-७०**)

नेपालका प्राथमिक विद्यालय बाहिर रहेको १०% मध्ये धेरै जसो ऐतिहासिक, भौगोलिक, आर्थिक र सामाजिक रूपमा बञ्चित र सिमान्तकृत समुदायका बालवालिकाहरू छन् । मानव अधिकारको विश्वव्यापी सिद्धान्त र समावेशी लोकतन्त्रको मान्यता पालना गर्ने आजको नेपालमा यस्तो स्थिति पुर्ण रूपमा अस्वीकार्य हुनुपर्दछ । विद्यालय शिक्षामा पहुँच भएका बालवालिकाहरूमध्ये पनि कक्षा ५ सम्म निरन्तरता दिने दर ८१% छ । त्यस्तै १५ देखि २४ वर्षसम्मका युवाहरूको साक्षरता दर ७३% मात्र छ । नेपालले सन् २०१५ सम्ममा पुरा गर्न भनी तयार गरेको राष्ट्रिय लक्ष्यहरू (प्राथमिक विद्यालयमा कुल भर्ना दर १०० प्रतिशत, कक्षा ५ पुरा गर्ने दर १०० प्रतिशत र १५-२४ वर्ष उमेर समुहको साक्षरता १०० प्रतिशत पुऱ्याउने) पुरा गर्ने सम्भावना निकै कम देखिन्छ । अहिलेको अवस्था र हामीले अवलम्बन गरेको अवधारणा अनुरूप प्राथमिक विद्यालयमा हाल भर्ना नभएका सबै बालवालिकाहरूसम्म पुग्न ज्यादै वढी समय लाग्ने छ । (**गौतम, २०७०:३२**)

### २.१.२ कुमालहरू बारेको अध्ययनको समीक्षा

कुमालहरूको शैक्षिक अवस्था पहिचान गर्ने उद्देश्यका साथ लेखनाथ नगरपालिकामा संचालन गरिएको शोध कार्यमा निम्न कुराहरू पाइएका छन् । अध्ययन क्षेत्रका २०-३० वर्ष उमेर समुहका प्रौढहरू मध्ये जम्मा १२.९०% पुरुष र २८.१२%महिलाहरूमात्र उच्च शिक्षामा अध्ययनरत रहेको पाइन्छ ।

कुमाल समुदायका बालवालिकाहरूमध्ये ११.७६% बालवालिकाहरू विद्यालय भर्ना भएका छैनन् । १४.७०%बालवालिकाहरू ढिलो विद्यालय भर्ना भएका पाइएका छन् भने ३२.३५% वालवालिकाहरूले विद्यालयको पढाई तह पुरा नगरी बीचैमा कक्षा छोड्ने (Dropout)गरेको पाइएको छ । उक्त समुदायका S.L.Cपास युवायुवतीहरू मध्ये कुनैले पनि सरकारी जागीरको अवसर प्राप्त गर्न नसकेकोले उनीहरूको शिक्षाप्रतिको आकर्षण घट्दै गएको पाइन्छ ।

सरकारी जागीरलाई पनि कुमाल समुदायका युवाहरूको उच्च शिक्षा प्राप्तिमा असर पुऱ्याउने तत्वको रूपमा उल्लेख गरिएको छ । कुमालहरूको शिक्षालाई प्रभाव पार्ने तत्वहरूमा सामाजिक, आर्थिक अवस्था, चाँडो विवाह, आमा बावुको शिक्षा, आर्थिक क्रियाकलापमा सानै उमेरमा संलग्न हुनु, सांस्कृतिक परम्परा आदि उल्लेख गरिएको छ । आर्थिक स्थिति राम्रो भएका परिवारका घरपरिवारवाट सबैभन्दा बढी बालवालिका विद्यालय

भर्ना भएका छन् भने आर्थिक स्थिति कमजोर भएका परिवारका बालवालिकाहरूको भर्ना दर कम हुनुका साथै कक्षा छाड्ने र दोहोऱ्याउने दर पनि बढी रहेको पाइन्छ। (**पौडेल २००२**)

"कुमाल समुदायको सामाजिक साँस्कृतिक तथा आर्थिक अवस्था" शीर्षकको शोधमा कुमालहरू ५-७ कक्षा पढेपछि अर्थोपार्जनका लागि बिभिन्न ठाँउमा जाने गरेको पाइन्छ। यिनीहरूको मुख्य पेशा कृषि भएतापनि ६१.८४% लाई ४ महिनासम्म मात्र खान पुग्छ। जसको कारण उनीहरू नजिकको शहर बजारतिर ज्याला मजदुरी गर्ने, ट्रकमा सामान लोड अनलोड गर्ने गरेको पाइन्छ। यिनीहरूको आम्दानीको धेरै जसो हिस्सा जाँड रक्सी पिउने, भोज भतेर गर्न तथा रमाइलो गर्नमा नै जाने गरेको पाइन्छ। बजारको बिस्तार, आधुनिकीकरणको प्रभाव स्वरूप अध्ययन क्षेत्रका कुमालहरू आधुनिक खानापान, लवाइखवाइ एंव बासस्थान निर्माणमा लागेको कुरा उक्त शोधपत्रमा उल्लेख गरिएको पाइन्छ। (ढकाल २०६७) स्थायी रूपमा काम गर्नको लागि निश्चित जागीरको व्यवस्था नहुनु, संस्कृतिलाई अत्याधिक महत्व दिनु, ढिलो विद्यालय भर्ना हुनु, विद्यालय नै नियमित रूपमा नजाने तथा पढाइ पश्चात पाइने रोजगारी प्रति सुनिश्चित हुन नसक्नु, ५ देखि ७ कक्षाको अध्ययन पश्चात विद्यालय छोडेर कामको खोजीमा शहरवजार तिर जाने घरपरिवारमा कामको वोझ हुनु जस्ता कारणहरूले कुमाल बालवालिकाहरू विद्यालय शिक्षाबाट बञ्चित हुनुपर्ने अवस्था रहेको छ।


"कुमालजातिको सामाजिक, साँस्कृतिक एंव आर्थिक स्थिति" नामक शोधपत्रमा कुमाल समुदायलाई कृषि, ज्याला मजदुरी गर्ने तथा माटाका भाँडा बनाउने एक पिछडिएको जातिको रूपमा उल्लेख गरिएको छ। कुमालहरूसँग पनि एकदम कम जमीन भएकोले अरुको खेतवारीमा हलो जोत्ने खन्ने वाली लगाउने तथा बाली भित्रयाउने जस्ता काम गरी आफ्नो परिवारको पालनपोषण गर्न बाध्य भएका छन्। शिक्षित नभएका कारण आफ्नो परम्परागत पेशामा सुधार गर्न सकेका छैनन् भने सरकारी सेवामा यिनीहरूको पँहुच नगन्य मात्रामा रहेको पाउन सकिन्छ। (**गिरी २०५९**)

"कुमालहरूको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था" शीर्षकमा सम्पन्न गरिएको शोधपत्रमा निम्न कुराहरू उल्लेखित छन्। कुमालहरूको शैक्षिक स्तर अत्यन्तै न्यून रहेकोले उनीहरूमा पर्याप्त चेतनाको अभाव रहेको पाइन्छ। अध्ययनको लागि छनोट गरिएका सबै कुमालहरूको जग्गा जमिन भएतापनि पर्याप्त नभएकोले वर्षभरी खानको लागि

उक्त जग्गाबाट खाद्यान्न उब्जनी नहुने कारणले गर्दा उनीहरू अरुको जमीनमा अधिँया खेती गरी जीवन धान्न बाध्य भएका छन् । परम्परागत रूपमा गरिँदै आएको माटाका भाँडा बनाउने पेशामा समय सँगसँगै परिवर्तन र परिमार्जन हुन नसक्दा उक्त पेशा लोप भई सकेको अवस्थामा छ । (पाण्डे २०६१) “कुमालहरूको सामाजिक साँस्कृतिक र आर्थिक स्थिती” नामक शोधपत्रमा निम्न प्राप्तीहरू पाइएका छन् । अन्य जातजातीहरूसँगको निरन्तर अन्तक्रियाको कारण तिनीहरूको रहनसहन लवाइखवाई, अन्य व्यक्तिसँगको व्यवहार, विवाह, सोचाईका तरिकाहरूमा परिवर्तन आउँदै गरेको पाइन्छ । विगतमा नेपाली बोल्न अप्ठ्यारो मान्ने कुमालहरू नेपाली भाषा बोल्न सिकेका छन । कुमालहरूको साक्षरता दर बढ्दै गइरहेको छ । धेरैजसो कुमालहरू भुमि नभएका छन् । अशिक्षा र आर्थिक कारणले आफ्नो परम्परागत पेशामा परिमार्जन गर्न नसक्दा उनीहरू पुर्ख्यौली पेशालाई छाडेर ज्याला, मजदुरी र अन्य क्षेत्रतिर लाग्न बाध्य भएको देखिन्छ । (**सिग्देल, २०११**)

### २.१.३ अवधारणात्मक ढाँचा

शिक्षालाई बिभिन्न तत्वहरूले प्रभाव पार्दछ । कुमालहरूको शैक्षिक अवस्थामा प्रभाव पार्ने विभिन्न पक्षहरूलाई समेटेर निर्माण गरिएको अवधारणात्मक ढाँचा यस प्रकार छः



# अध्याय तीन

# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्र र शीर्षक छनोटको औचित्य

यस अध्ययनका लागि धादिङ जिल्लको सल्यानटार गा.वि.स. लाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ । यो अध्ययन कुमालहरूको शैक्षिक अवस्थासँग सम्वन्धित भएकोले अध्ययनका लागि आवश्यक जनसंख्या उक्त गा.वि.स.मा पाउन सकिने भएकोले सल्यानटार गा.वि.स. लाई तथ्याङ्क संकलन क्षेत्रको रूपमा छनौट गरिएको हो ।

नेपाल सरकारले सिमान्तकृत तथा पिछडिएका जनजातिको लागि विविध लक्षित कार्यक्रम संचालन गर्दै आएको पाइन्छ । अनिर्वाय निशुल्क प्राथमिक शिक्षा, प्रौढ कार्यक्रम संचालन गरेतापनि अझै ४.९ प्रतिशत वालवालिकाको साक्षरता प्रतिशत विद्यालय बाहिर छन् । कुमालहरूको साक्षरता प्रतिशत राष्ट्रिय साक्षरताको औशतभन्दा तल रहेको पाइन्छ ।(DOE 2013)त्यस्तै सन् २०१५ सम्ममा सवै नेपालीलाई शिक्षित बनाउने. उद्देश्यले २०६९ देखि "साक्षर नेपाल" कार्यक्रम संञ्चालन गरिएको थियो । यस्ता कार्यक्रमहरूको दृष्टिकोण के कस्तो छ भन्ने कुरा पत्ता लगाउन कुमालहरूको शैक्षिक अवस्था शिर्षक छनौट गरिएको थियो ।

## ३.२ अनुसन्धान ढाँचा

अनुसन्धान कार्य सम्पन्न गर्नका लागि निश्चित ढाँचाको आवश्यकता पर्दछ । यो अध्ययन कुमालहरूको शैक्षिक अवस्थासँग संवन्धित भएकोले यस अध्ययनबाट संख्यात्मक तथ्याङ्कका साथै केही मात्रामा गुणात्मक तथ्याङ्कहरू संकलन गरिएको थियो । त्यसैले अध्ययन कार्यलाई सम्पन्न गर्न तथा अपेक्षित उद्देश्यहरू पुरा गर्नको लागि यस अध्ययनमा व्याख्यात्मक र अन्वेषणात्मक ढाँचाको प्रयोग गरिएको थियो ।

## ३.३ तथ्याङ्कक स्रोतहरू

यस अध्ययनका लागि अवाश्यक पर्ने तथ्याङ्कहरू प्राथमिक र द्धितिय स्रोतहरूको उपयोग गरी संकलन गरिएको थियो । अध्ययनकर्ता अध्ययन क्षेत्रमा स्वयं उपस्थिति भई अध्ययनका लागि छनोट गरिएका विद्यालय र गा.वि.स. मा प्राप्त रेकर्डहरूबाट आवश्यक सुचना संकलन गरिएको थियो ।

## ३.४ नमुना जनसंख्या छनोट विधि

यस अध्ययनको लागि सल्यानटार गा.वि.स. को वडा नं. १ र ५, लाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको यियो । कुमालहरूको मुख्य वासस्थन रहेको उक्त गा.वि.स. का २ वटै वडाहरूमा गरी जम्मा २६८ घर परिवार रहेका थिए । जसमा वडा नं. १ मा जम्मा ११९ र वडा नं. ५ मा १४९ घरपरिवार रहेका थिए । (जनगणना २०६८) अध्ययनको लागि छनौट गरिएको दुवै वडाहरूका सम्पूर्ण घरपरिवारको अलग अलग विवरण तयार गरी उद्देश्यमुलक नमुना छनौट विधिको माध्यमबाट वडा नं. १का ११९ घरपरिवार (घरधुरी) कुमालहरू र वडा नं. ५ का १४९ घरपरिवार कुमालहरूमध्ये ३०% का दरले हुन आउने जम्मा ८० घरपरिवार सम्भावनायुक्त नमुना छनोट विधि अन्तर्गतको गोलाप्रथाको माध्यमबाट छनौट गरिएको यियो । छनोट गरिएका परिवारका ६-२४ वर्ष सम्मका महिला र पुरुषहरु जनसंख्याको रूपमा रहेका थिए । अध्ययनका लागि छनोट गरिएका जम्मा ८० घरपरिवारका सदस्यहरू मध्ये महिला र पुरुषको समान प्रतिनिधित्व हुने गरी उद्देश्यात्मक विधिबाट नमुना छनोट गरिएको थियो । कुमालहरूको शैक्षिक अवस्था, सामाजिक साँस्कृतिक प्रचलन, शिक्षाप्रतिको धारणा, विद्यालय छोड्नको कारण, विद्यालयमा टिकाउन गर्नुपर्ने कार्यहरू जस्ता विषयमा सुचना संकलन गर्नका लागि छनोट गरिएका वडाका आसपासमा रहेका विद्यालयहरू सामाजिक कार्यकर्ता, तथा स्थानीय बुद्धिजिवी आदी जस्ता व्यक्तिलाई मुख्य सुचना दाताको रूपमा छनोट गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलन विधि तथा साधनहरू

प्राथमिक तथ्याङ्क संकलनको लागि अन्तवार्ता अनुसूची, प्रश्नावली, सर्वेक्षण फारम तयार गरी आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । अध्ययनका लागि छनोट गरिएका तथा मुख्य सूचनादाताहरूसँग प्रत्यक्ष साक्षात्कार तथा अन्तवार्ताको माध्यमबाट वास्तविक र सत्यतथ्य तथ्याङ्कहरू संकलन गरिएको थियो ।

### ३.५.१ अन्तरवार्तासूची

प्राथमिक तथ्याङ्क संकलनका विभिन्न विधिहरूमध्ये महत्वपूर्ण विधि अन्तवार्ता हो । जसको माध्यमबाट उत्तरदाताहरूसँग प्रत्यक्ष र सत्य सुचना संकलन गर्न सकिन्छ । यस अभिप्रायको लागि संरचित र असंरचित दुवै अर्न्तवार्ताका तरिकाहरू प्रयोग गरी छनोटमा परेका उत्तरदाताहरूसँग परिवारको शैक्षिक अवस्था, त्यसमा प्रभाव पार्ने तत्वहरू, आर्थिक

अवस्थाले शिक्षा प्राप्तिमा खेलेको भूमिका, शिक्षाप्रतिको परिवारको दृष्टिकोण जस्ता विषयमा अन्तवार्ता लिइ आवश्यक सुचना संकलन गरिएको थियो ।

### ३.५.२ घरधुरी सर्वेक्षण

अध्ययनका लागि छनोटमा परेका ८० घरपरिवारका लागि आवश्यक प्रश्नावली तयार गरी सम्बन्धित उत्तरदाताहरूसँग प्रश्नावली भर्न लगाइएको थियो । अध्ययनको उद्देश्य परिपूर्तिको लागि थप प्रश्नहरू समेत समावेश गरिएको थियो । कुमालहरूको पारिवारीक संरचना, पेशा, आर्थिक अवस्थ त्यस्तै जग्ग जमिन, जन्म, वैवाहिक स्थिति, परिवारको वार्षिक आय, शिक्षामा गरेको लगानी, पारिवारिक पृष्ठभूमीसँग संवन्धित सुचना पनि उक्त सर्वेक्षण फारमबाट नै संकलन गरिएको थियो ।

### ३.५.३ विद्यालय सर्वेक्षण

कुमाल जातिहरूका विद्यार्थीहरूको शिक्षा सम्वन्धी भर्ना अभिलेख कक्षा छोड्ने कुमाल विद्यार्थीहरूको विवरण, सरकारले जनजातिका लागि प्रदान गर्न विभिन्न प्रोत्साहन मुलुक कार्यक्रमहरू, कुमाल जातिका वालवालीकका लागि विद्यालयले गरेका कार्यक्रम, तथा प्रयत्नहरूसँग संवन्धित सुचना उक्त सर्वेक्षपणबाट नै संकलन गरिएकोथियो ।

### ३.५.४ द्धितीय तथ्यांकका स्रोतहरू

प्राथमिक तथ्यांकहरूका अतिरिक्त अध्ययनको उद्देश्य प्राप्तीको लागि सहायक सिद्ध हुने तथ्यांकहरू संकलन गरिएको थियो । यस अध्ययनको लाीग द्धितीय तथ्यांकको रूपमा गा.वि.स. बाट प्रकाशन गरिएका विभिन्न अभिलेख, विद्यालयको विद्यार्थी विवरण, कुमाल समुदायको वारेमा लेखिएका प्रकाशित र अप्रकाशित लेख र रचना तथा खोज अनुसनधनका प्राप्तीहरूलाई द्धितीय तथ्यांकको स्रोतको रूपमा उपयोग गरिएको थियो ।

## ३.६ साधनहरूको वैधता

अध्ययनका लाीग तथ्यांक संकलन गर्न आवश्यक पर्ने विभिन्न साधनहरूको निर्माण पश्चात प्रश्नावली, अन्तवार्ता निर्देशिका, विद्यालय सर्वेक्षण फारमलाई साथीहरूसँगको छलफलबाट प्राप्त सुझाव अनुसार परिमार्जन गरिएको थियो । सम्बन्धित शोध निर्देशकले दिएका सुझावहरूलाई समेटी साधनलाई अन्तिम रूप दिने कार्य गरी वैधता निर्धारण गरिएको थियो ।

### ३.७ तथ्यांक विश्लेषण प्रक्रिया

विभिन्न साधनहरूको माध्यमबाट संकलित तथ्यांकहरूलाई अध्ययनको उद्देश्य तथा योजना अनुसार खाका तयार गरिएको छ । उत्तरदाताहरूद्धारा धारणा, अनुभवहरू आदिलाई तिनीहरूको समानता तथा विशेषता अनुसार एकत्रित गरिसकेपछि बुझ्नको लागि सजिलो होस् भन्ने हेतुले अलग अलग वर्गमा वर्गिकरण गरिएको छ ।

त्यस्तै प्राप्त तथ्यांकहरूलाई सरल तरिकाबाट बुझ्नको लागि सजिलो होस तथा आकर्षक रूपमा प्रस्तुत गर्न तालिकिकरण गरी तथ्यांकको व्यवाख्या विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट प्राप्त तथ्यांकहरूलाई व्याख्यात्मक रूपमा विश्लेषण गरी अध्ययन कार्य सम्पन्न गरिएको छ ।

# अध्याय-चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

## ४.१. अध्ययन क्षेत्रको परिचय

कुमालहरूको शैक्षिक अवस्था संवन्धमा अनुसन्धान सञ्चालन गर्नको लागि धादिङ जिल्लाको सल्यानटार गा.वि.स.लाई छनोट गरिएको थियो । धादिङ जिल्लाका सल्यानटार गा.वि.स का २ वटा वडाहरू १ र ५ लाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको थियो । जहाँ कुमालहरूको वाक्लो वस्ती रहनुका साथै अध्ययन कार्यका लागि धेरै दृष्टिकोणबाट उपयुक्त रहेको छ । धादिङ जिल्लाको सदरमुकाम बाट लगभग ३ घण्टा मोटरबाटोबाट पुगिने यस गा.वि.सं. मा अन्य जातजातिहरूको पनि बसोवास पाउन सकिन्छ । तर कुमाहरू अन्य जातिहरू भन्दा छुट्टै र आफ्नै समुदायको रूपमा उक्त गा.वि.स. मा बसेको पाइन्छन् । सल्यानटार गा.वि.स. को जम्मा जनसंख्या ७८९२ छ भने घरपरिवार संख्या १७९१ रहेको छ । जसमा पुरुषहरूको संख्या ३५३९ र महिलाहरूको संख्या ४३५३ रहेको पाइन्छ ।

(जनगणना २०६८) उक्त गा.वि.स. विभिन्न जाजातिहरू ब्राह्मण, क्षेत्री, नेवार, मगर, कुमाल, गुरुङ दलित आदिको बसोवास रहेको पाइन्छ । सल्यानटार गा.वि.स. को वडा नं. १ मा जम्मा २३२ घरधुरीमा कुमालहरूको १९९ घरधुरी रहेका पाइन्छ भने वडा नँ ५ मा जम्मा १९७ घरधुरीमा कुमालहरूको १४९ घरधुरी रहेको पाइन्छ ।

## ४.२. कुमालहरूको सामाजिक साँस्कृतिक र आर्थिक अवस्था

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरू संकलन गर्नको लागि अध्ययनकर्ताद्वारा कुमालहरूको सामाजिक र साँस्कृतिक अवस्था संवन्धमा प्रश्नावली तयार गरी स्वयं अध्ययनकर्ता अध्ययन क्षेत्रमा उपस्थिति भई तथ्याङ्क संकलन गरिएको थियो । अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्कहरूलाई निम्नानजुसार व्याख्या विश्लेषण गरिएको छ ।

### ४.२.१. कुमालहरूको सामाजिक अवस्था

सामाजिक अवस्थाले कुनै पनि समाजको बसोवास, जनसंख्याको अवस्था, परिवारको आकार, स्वरूप, वितरणका साथै समाजमा सहयोगको अवस्था, सामुदायिक कार्य, सामाजिक संवन्ध आदिसँग संवन्ध राख्दछ । त्यस्तै उक्त समाजको शिक्षा, स्वास्थ्य, खानपिन, रहनसहन

जस्ता कुराहरू समावेश हुने गर्दछन् । कुमालहरूको लिङ्ग र उमेर अनुसारको जनसंख्याको वितरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका १**

**उमेर समुह र लिंग अनुसार जनसंख्याको विवरण**

| उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|
| ०-५ वर्षभन्दा माथि | २४ | १०.१६ | ३० | ११.८१ |
| ५-१५ | ५० | २१.१८ | ५४ | २१.२५ |
| १५-२५ | ६० | २५.४२ | ७० | २७.५५ |
| २५-४० | ५२ | २२.०३ | ४४ | १७.३२ |
| ४०-६० | २६ | ११.०१ | ३० | ११.८१ |
| ६०वर्ष भन्दा माथि | २४ | १०.१६ | २६ | १०.२३ |
| जम्मा | २३६ | १०० | २५४ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित तालिकामा यस अध्ययनको लागि छनोट गरिएका ८० घरपरिवारमा रहेका सदस्यहरूको लिङ्ग अनुसार उमेर समूह देखाइएको छ । जसमा ०-५ वर्षसम्मका पुरुष १०.१६ प्रतिशत र महिला ११.८ प्रतिशत रहेका छ । त्यस्तै ५-१५ वर्षसम्मका पुरुष २१.१८ र महिला २१.२५ प्रतिशत रहेका छन् । त्यस्तै १५-२५ वर्ष सम्मका पुरुष २५.४२ र महिला २७.५५ प्रतिशत रहेका छन् । उक्त जनसंख्यालाई आफ्नो व्यक्तिगत विकासका लागि अध्ययन कार्यमा सक्रिय रूपमा सहभागी हुने र आफ्नो क्षमता अनुसार पेशा व्यवसातिर उन्मुख हुने जनसंख्याको रूपमा लिइन्छ । त्यस्तै २५-४० वर्षसम्मका पुरुष २२.०३ प्रतिशत र महिला १७.३२ प्रतिशत रहेका छन् । उक्त जनसंख्यालाई आर्थिक आर्जनका लागि सक्रिय जनसंख्याको रुपमा लिइन्छ । त्यसरी नै ४०-६० वर्षसम्मका पुरुष ११.०१ प्रतिशत र महिला

११.८१ प्रतिशत रहेको पाइन्छ । ६० वर्षभन्दा माथिको पुरुषको जनसंख्या १०.१६ प्रशित र महिलाको जनसंख्या १०.२३ प्रतिशत रहेको पाइन्छ ।

अध्ययन क्षेत्रमा मुख्य गरी २ किसिमका पारिवारिक संरचनाहरू पाइएका छन् । जुन एकल परिवार र संयुक्त परिवार रहेको छ । कुमाल समुदायमा धेरैजसो मानिस एकल परिवारमा वस्ने गरेको पाइन्छ । एकल परिवारमा श्रीमान् श्रीमती र उनीहरूको अविवाहित छोराछोरीहरू रहेको पाइन्छ । संयुक्त परिवारमा विवाहित दाजुभाइहरू, उसका छोरीहरू रहने गरेका छन् । कुमालहरू पहिले संयुक्त परिवारमा बस्ने भएता पनि ठूलो परिवारको पालनपोषण गर्न धेरै स्रोत साधनको आवश्यकता पर्ने, परिवारमा झैझगडा हुने तथा परिवारका दाजुभाइको अनुपस्थितिमा एक जनालेमात्र सम्पूर्ण परिवारको पालपोषण गर्नुपर्ने जस्ता कारणले उनीहरू एकल परिवारतर्फ आकर्षित हुँदै गएको पाइन्छ । अध्ययन क्षेत्रका कुमालहरूको पारिवारिक संरचना निम्न तालिकामा देखाइएको छ ।

**तालिका २**

**कुमालहरूको पारिवारिक संरचना**

| परिवारको आकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| एकल | ५६ | ७० |
| संयुक्त | २४ | ३० |
| जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिकामा उल्लेख गरिएको कुमालको पारिवारिक संरचनामा एकल परिवारमा वस्ने मानिसको जनसंख्या धेरै रहेको छ । छनोट गरिएका जम्मा घरपरिवारहरूमध्ये ७० प्रतिशत एकल परिवारमा र ३० प्रतिशत घरपरिवारहरू मात्र संयुक्त परिवारमा वस्दै आएको पाइन्छ । जुन कुरालाई मिना चालिम्ङद्वारा खोटाङ जिल्लाको राजपानी गा.वि.स.का कुमालहरूको समाजशास्त्रीय अध्ययन नामक शोधकार्यसँग पनि मेल खान पुगेको छ । उक्त अध्ययन कार्यमा एकल परिवारमा वस्ने कुमालहरूको जनसंख्या ४० प्रतिशत रहेको छ । यसबाट के प्रष्ट हुन्छ भने कुमालहरू विस्तारै एकल परिवारतर्फ आकर्षित हुने प्रवृति बढ्दै गएको छ ।

### ४.२.२. **उत्तरदाताहरूको वैवाहि स्थिति**

**तालिका ३**

**उत्तरदाताको वैवाहिक स्थिति**

| **वैवाहिक स्थिति** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| अविवाहित | २० | २५ |
| विवाहित | ६० | ७५ |
| जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

विवाहलाई सामाजिक परम्पराको रूपमा लिने प्रचलन पुर्विय समाजमा रहेको छ। यसले महिला र पुरुषलाई पारिवारिक संवन्धमा एकतावद्ध गर्नुका साथै सन्तान उत्पादनको लागि वैधानिक रूपमा स्वीकृत प्रदान गर्दछ । यस अध्ययनको लागि छनोट गरिएका जम्मा जनसंख्यामध्ये २५ प्रशित अविवाहित र ७५ प्रतिशत विवाहित रहेको पाइन्छ । विवाहले व्यक्तिको व्यक्तित्व विकास तथा अध्ययन अध्यापन कार्यमा सकारात्मक तथा नकारात्मक दुवै भूमिका खेलेको तथ्य नेपाली समाजमा पाउन सकिन्छ । सहयोगी परिवार भएमा विवाहबाट खास गरी महिलालाई धेरै कुरामा सहयोग पुग्दछ भने परम्परावादी परिवार भएमा उसको अध्ययन अध्ययन तथा व्यक्तित्व विकासमा कठिनाइ आउन सक्छ ।

### ४.२.३. **सामाजिक साँस्कृतिक विशेषताहरू**

अध्ययनको लागि छनोट गरिएको सल्यानटार गा.वि.स.को वडा नं. १ र ५ हो । अध्ययन क्षेत्रमा मकै, कोदो, धान, जस्ता खाद्यवाली लगाउने गरिन्छ । कुमाल समुदायका मानिसहरू मकै, कोदो, चामललाई जाँड रक्सी (स्थानीय रक्सी) बनाउनको लागि प्रयोग गर्दछन् । उनीहरुको प्रत्येक धार्मिक र साँस्कृतिक कार्यमा व्राह्मणको रूपमा ज्वाई र भान्जा जन्मदेखि मृत्यूसम्मको संस्करणमा अति आवश्यक हुन्छ ।

समयको परिवर्तन अन्यजातिसँगको कुमालहरूको संवन्धमा भएको विस्तार तथा आधुनिकीकरण जस्ता कारणले कुमालहरू केही हदसम्म विवाह धार्मिक कार्य तथा पुजा

आजामा ब्राह्मणहरूलाई आमन्त्रण गर्ने प्रचलन बढ्दै गएको पाइन्छ । कुमाल समुदायमा कुनै व्यक्तिको मुत्य भएमा १५ दिनसम्म काजक्रिया गर्ने चलन छ तर वर्तमानमा युवापुस्ताले भने १३ दिनसम्म किरिया वस्ने वा जुठो बार्ने प्रचलन बढ्दै गएको पाइन्छ । कुमालहरू मानव समुदायको कल्याण होस पशु र बालीनाली राम्रो होस भनेर विभिन्न किसिमका पुजा आजाहरू गर्ने गर्दछन् । वायूपूजा, झाँक्री पुजा पनि समय समयमा गर्ने गर्दछन् ।

लामो समयसम्म पनि आकाशबाट पानी नपरेमा उनीहरू देशान्तरी देवता रिसाएको कारण पनि नपरेको भन्ने विश्वास गर्दछन् । पानी परोस र देवता खुशी होउँन भन्नका लागि सबै मानिसहरू मिलेर देशान्तरी पूजा आज गर्दछन् । केटीको कपडा केटाले लगाएर लामो भाका गाउँदै नृत्यु गर्दछन् । कुमालहरू विवाह, व्रतवन्ध माघी, चण्डी पूर्णीमा, तिज, दशै, तिहार जस्ता चाडपर्व मान्ने गर्दछन् ।

### ४.२.४. सामाजिक संरचना तथा वसोवासको अवस्था

सल्यान्टार गा.वि.स. मा ब्राह्मण, क्षेत्री, नेवार, कुमाल, दलित आदि जातजातिको बसोवास रहेको पाइन्छ । विभिन्न जातिको मिश्रित वसोवास रहेतापनि सबै समुदायविच सौहार्दपूर्ण सामाजिक सम्बन्ध रहुका साथै सवै मिलेर वसेको पाइन्छ । एउटा समुदायले अर्को समुदायलाई विभिन्न कुरामा सहयोग गर्दै आएका छन् । कुमालहरू सोझा र सरल प्रकृतिका छन् । यिनीहरू आर्थिक रूपमा अन्य जातजातिभन्दा केहि पछाडि रहेका छन् । त्यसैले कुमालहरू दैनिक गुजाराका लागि अन्य जातिको घरमा काम गर्ने तथा खेतवारी अधिया कमाउने गर्दछन् । कुमालहरू दैनिक जीवनका आवश्यकता परिपूती गर्न घर बनाउने कार्यमा संलग्न भई ज्याला मजुरी गर्दै आएका छन् ।

## ४.३. कुमालहरूको साँस्कृतिक अवस्था

संस्कृति त्यो जटिल समग्रता हो । जसमा ज्ञान, विश्वास, कला,नैतिकता, कानुन, प्रथा र अन्य कुनै क्षमता एवं आदतहरू समावेश हुन्छ जसलाई मानिसले समाजको सदस्य भएको नाताले आर्जन गर्दछ । (देवकोटा र ओझा, २०४६:१५९) यस्ता संस्कृतिभित्र जन्मदेखी मृत्युसम्म गरिने क्रियाकलापहरू समावेश भएका हुन्छन् । जसमा जन्म, विवाह मृत्यु जस्ता संस्कारहरू साझा जस्ता देखिएतापनि प्रत्येक समुदायले फरक फरक रूपमा

सम्पादन गर्ने गरेका पाइन्छ । अध्ययन क्षेत्रका कुमाल समुदायमा प्रचलन रहेका संस्कृतिहरू निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.३.१. जन्म

कुमाल समुदायमा वच्चा जन्माउन गइरहेको गर्भवती महिलालाई ज्वानो मसलाको भोला खाने दिइन्छ । तोरीको तेलले मालिस गर्ने प्रचलन छ । यस्ता कार्य गरेमा महिलाले कुनै अप्ठ्यारो महसुस नगरी वच्चा जन्माउन सक्दछिन भन्ने विश्वास कुमाल समुदायमा रहेको छ ।

माया कुमालका अनुसार, वच्चा जन्मीसकेपछि स्थानीय सुडेनीले घरेलु हतियारहरू हँसिया र ब्लेडद्वारा वच्चाको सालनाल काट्ने गरेको पाइन्छ । कतिपय अवस्थमा सुत्केरी महिला आफैले पनि सालनाल काट्ने गरेको वताइन । काटिएको सालनाललाई घर नजिकै खाल्टो खनी पुर्ने प्रचलन रहेको छ । सुत्केरी अवस्थामा लोकल कुखुराको भोल खान दिने तथा तातो तेलद्वारा वच्चा र आमा दुवैलाई मालिस गर्ने गर्छन । यस्तो कार्यबाट वच्न र आमालाई स्वस्थ राख्नुका साथै चिसोबाट वचाउन सकिन्छ भन्ने विश्वास उक्त समुदायमा रहि आएको छ ।

### ४.३.२. छैठी र न्वारन

कुमालहरू वच्चा जन्मेको छ दिनमा गाउँघरमा मानिसहरू तथा तिनीहरूका नातेदारहरू जम्मा भई नाचगान गर्ने तथा पूजा गर्ने चलन छ जसलाई छैंटी भनिन्छ । कुमाल समुदायमा छैटीको दिनमा घरमा आएका पाहुना तथा नातेदार र छरछिमेकीलाई विभिन्न प्रकारका खानाका साथै पयाप्त मात्रामा छ्याङ, रक्सी, मासु आदि खुवाउने गर्दछन् । छैंटीको दिनमा एकमाना चामलमा वत्ती बाल्ने चलन छ। उक्तवत्ती रातभरी निभाउँनु हुँदैन । भन्ने मान्यता रहेको छ। कुमालहरू कहिलेकाहि वच्चा जन्मेको तेस्रो र पाँचौ दिनमा डोरो बाँध्ने गर्दछन । उक्त कार्य गरेमा छैटौं दिनमा गर्नुपर्ने कार्य गर्नु पर्दैन भन्ने मान्यता रहेको छ । छैटौं दिनमा बत्ति बालेर राखेमा भगवानले आएर वच्चाको भाग्य लेख्दछ भन्ने मान्यता स्वरूप वच्चाको सिरानिमा कपी र कलम समेत राख्ने गर्दछन् ।

कुमाल समदायमा न्वारनलाई शुद्ध हुने प्रणलीको रूपमा लिइन्छ तिनीहरु ३, ५, ७ र ११ दिनमा न्वारन गर्ने गर्दछन् । वर्तमान समयमा कुमालहरूको पनि व्राम्हण समुदायले जस्तै गरी ११ औं दिनमा यस्तो कार्य गर्ने प्रचलन बढ्दै गएको पाइन्छ । न्वारनको दिनमा

वच्चलाई फूपूदिदीको सहायताबाट नुहाएर घर पोत्ने तथा आमा र वच्चलाई सुनपानी छर्केर शुद्ध गरिन्छ । न्वारनको दिन भान्जा र ज्वाइले बच्चालाई पहेलो रङ्गको भोटो दिने चलन रहेको छ । कसैकसैले भोटोका सट्टा पैसा दिने गरेको पनि पाइन्छ । त्यसै दिनमा वावुले छोरा वा छोरीको नामाकरण गर्ने कार्य पनि गर्दछन् ।

### ४.३.३. पास्नी

कुमाल समुदाय पास्नीलाई महत्वलाई दिनको रुपमा मनाइन्छ । चमेली कुमालका अनुसार छोरी जन्मेमा ५ महिनामा र छोरा जन्मेमा ६ महिनामा खाना खुवाउने चलन रहेको पाइन्छ । पास्नकिो दिनमा गाउँका छिमेकी र आफ्ना नातेदार तथा इष्टामित्रलाई आमन्त्रण गरिन्छ । उक्त दिनमा विभिन्न प्रकारका खाना तयार गरी सवैलाई खुवाउने चलन छ । वच्चालाई नयाँ कपडा र सुन, चाँदी, तामा, फलाम आदि जस्ता धातुबाट निर्मित वाला लगाउने गरिन्छ । त्यसपछि कन्या केटीद्वारा वच्चलाई २ वटा सिक्काले खाना खुवाइन्छ र वच्चालाई सवैले टिका लगाइ दिने चलन रहेको छ । उक्तदिन आमन्त्रीत मानिसहरू नाचगान गर्दै दिनभरी रमाइलो गरी विताउने गर्दछन् ।

### ४.३.४. व्रतवन्ध

कुमाल समुदायमा छोराको व्रतबन्ध ६/७ वर्षको उमेरमा गरिन्छ । व्रतवन्ध कार्यक्रम संन्चालन गर्ने दिनमा सवैभन्दा पहिले घरवाहिर २ टुक्रा उखु राखी त्यसको टुप्पोमा केराको भुप्पो राखिन्छ । त्यस्तै हरियो साग पालुङ्गो र माछा पनि राख्ने गरिन्छ । घरभन्दा बाहिर पूजा गर्ने जग्य बनाई पानसमा वत्ति वाल्ने प्रचलन रहेको छ ।

पुजा गर्ने जग्यमा विभिन्न प्रकारका रोटी, खानाका परिकारहरू छ्याङ, रक्सी आदि पनि चढाउने गरिन्छ । वच्चालाई उसको मामाले भित्रबाट वोकेर ल्याई गुन्द्रिमा राख्दै ज्वाईले वच्चालाई नयाँ कपडा लगाइदिने गर्दछन् । वच्चाको वावु र अन्य आमन्त्रित पाहुनाले पालैपालो टिका लगाइसकेपछि सवैलाई प्रसादको रूपमा सगुन वाँड्ने गरिन्छ । अध्ययन क्षेत्रमा वर्तमान समयमा व्रतन्ध संस्कारमा परिमार्जन भएकोले पहिलेको विधि परम्परा हराउँदै गएको र अहिलेका यूवा पूस्ताले यस्ता कार्यमा ध्यान नदिने गरेका कुरा कुमाल अगुवाले वताए ।

### ४.३.५. विवाह

कुमालहरू आफ्ना छोराछोरीको विवाह १५-३० वर्षको उमेरमा गर्ने गर्दछन् । विवाहको आफ्नै प्रकारको छुट्टै शैली रहेको कुमाल समुदायमा एउटै जात भित्रको फरक गोत्रमा विवाह गरिन्छ । विवाहका विभिन्न प्रकारहरूमध्ये मागी र भागी विवाह बढी प्रचलनमा रहेका कुरा शिक्षिका निर्मला कुमालले बताईन । भागी विवाहमा केटा केटीहरू मनमिल्ने साथीसँग पूजाआजाको वेला, पर्व, मेलापर्वको दिन भाग्ने र केही समयपछि मात्र विवाह गर्ने गर्दछन् । यस्तो कार्यमा बरुको महत्वपूर्ण भूमिका हुने गर्दछ । जव बरु केटी माग्न जान्छ तब केटीको बुबाले किन आउनु भएको होला भनि सोध्ने गर्दछ । वरुले आफ्नतको विवाहको लागि केटी माग्न आएको कुरा वताउन्छन् । केटाको बारेमा केटीको माग्न आएको कुरा वताउछन् । केटाको बारेमा केटीको वुवाले राखेको सम्पूर्ण जिज्ञासाको उत्तर दिइ सकेपछि केटीको वावुले तपाइले जुन भार लिएर आउनुभएको छ त्यो यतै राखेर तपाई जान सक्नुहुन्छ भन्ने गर्दछन् । घरमा केटीलाई सोधीसकेपछि केही समयको अन्तरालमा केटा पक्षलाई फेरी आमन्त्रण गरिन्छ । त्यसपछि केटीको बावुलाई बरुले छोडेर गएको भारको के कस्तो भयो भनि प्रश्न राख्ने गर्दछन् । जवाफमा यदी केटा मन परेका भए तिनीहरू राम्रो छ भनी स्वीकृति दिने गर्दछन भने केटा मन नपरेमा यो कुरा अगाडि बढाउन राम्रो छैन भनि जवाफ दिन्छन् ।

कुमाल जातिमा विवाहमा मुख्य २ वटा चरणहरूलाई महत्वपूर्ण रूपमा लिने गरिन्छ । यसमा पहिलो चरणमा दुलाहाको घरमा वेहुली भित्र्याउने र दोस्रो चरणमा ससुरालीकहाँ सगुन लैजाने र ढोगभेट फुकाउने कार्यद्वारा विवाह कार्य सम्पन्न गरिन्छ । घरको आगनमा प्रवेश गरेपछि दुलाहाले दुलहीलाई सिन्दुर लगाइदिन्छ । विवाहको अर्को महत्वपूर्ण कार्य दुलहीको माइती गएर ढोगभेट फकाउनु तथा सगुन लैजानु हो । विवाहका तयरी यही अवस्थामा विशेष रूपले गरिन्छ । ढोगभेट फुकाउन दुलही भित्र्याएको ३ दिनपछि एकजना मान्छेलाई जन्ति के कति ल्याउने भनि किटान गर्न एक वोतल रक्सी सहित दुलहीको घरमा पठाइन्छ । त्यसैअनुसार आवश्यक सामाग्रीको व्यवस्था गर्ने गर्दछन् । जन्ती दुलहीको घरमा पुगेपछि दहीको ठेकी र हरियो साँग लिएर गएका व्यक्तिले अगुवाई गर्दछन् जसलाई हरियालीपुर्ण जीवनको प्रतिक तथा शुभ साइतको रूपमा लिने गरिन्छ । दुलहीको घरमा दाजुभाई तथा आफन्तले दुलहीलाई टिका लगाउने तथा गोडा धोएर जल खाने प्रचलन पनि रहेको पाइन्छ । यस्तो कार्यमा उनीहरूले आफ्नो क्षमता अनुसार दान

दक्षिणा दिने गरिन्छ । भोलिपल्ट खानपनि भइसकेपछि माइतीले दुलाहातर्फवाट ल्याएका प्रत्येक सामानमा सगुन राखी पठाउने गरिन्छ । दुलाहा पक्षका जन्तीहरू नाचगान गर्दै घर फर्कने चलन रहेको छ। यसरी कुमालहरूको समुदायमा विवाह कार्य सम्पन्न गरिन्छ ।

**कुमाल समुदायमा मनाउने चाडपर्वहरू**

कुमाल समुदायमा निम्न अनुसारको चापर्वहरू मनाउने चलन रहेको कुरा अध्ययनको लागि छनोट गरिएका उत्तरदाताले वताए । जुन यसप्रकार छन् ।

**क) कुलाईन पूजा**

छोराले मृत आमावावुको पुण्य स्मृतिमा गर्ने पितृकार्यलाई कुमाल समुदायमा कुलाईन पूजा भनिन्छ । ५ वटा कुखुराहरू काटेर कुलदेवताको नाममा वली चढाउने गर्दछन । यस पुजामा विहानै स्नान गर्ने चलन छ । यो पूजाको लागि ९ माना चामल आवश्यक पर्दछ । जसमध्ये एकमाना अक्षता र पाँचमुठी पितृका लागि तातो पानीमा राखेर पकाइन्छ । यो पूजा घरको अध्यारो कोठामा गरिन्छ । भण्डारमा वत्ती वाली ४ वटा कुखुरा काटिसकेपछि पिण्ड राख्ने चलन छ । पाँचमुठी चामलको भात, जाँड रक्सि, कुखुराको पोलेको मासु, धुपवत्ती पितृलाई चढाइन्छ । कुलाईन पुजा अपरान्हतिर शुरु गरी साँझसम्म समाप्त गरिन्छ ।

**ख) चण्डीपुजा**

कुमालहरू वर्षको एकपटक धुमधामका साथ वैशाख पूर्णिमाका दिन चण्डीपुजा गर्ने गर्दछन् । यस पुजामा आफन्त छोरीवेटी, दिदीवहीनीहरू जम्मा हुने भएकोले यस दिन विशेष चहलपहल हुने गर्दछ । प्रत्येक घरमा एक एक कुखुरा चण्डी र भवानीलाई चढाउने गर्दछन् भने उक्त वत्तीको पुजा बाँसको लिङगोमा ध्वाजापताका बाँध्ने गर्दछन् । धुपबत्ती बालिसकेपछि कुखुरा काटेर रगतको धारा दिई चण्डीमाई र भवानीलाई खुसी पार्ने काम गर्दछन् । कुखुराहरू भाले र पोथी दुवै काट्ने चलन रहेको कुरा अध्ययनको क्रममा उत्तरदाताले वताएका थिए ।

**ग) माधेसंक्रान्ति**

माघ १ गते मनाइने यस पर्वलाई कुमालहरू मुख्य पर्वको रूपमा लिने गर्दछन् । त्यसदिन कुमालहरू नदीमा गई नुहाउने काम गरिसकेपछि आफ्नो मृत आफन्तको

सम्झनामा दाल चामल, मास, बेसार, अदुवा र फूल चढाई बत्ति बाल्ने गर्दछन् । तिनीहरू आफ्नो पितृलाई पिण्ड चढाउँछन् । पितृ भन्दा ठूलो कुनै पनि भगवान छैन भन्ने विश्वास कुमाल समुदायमा रहि आएको पाइन्छ । माघे संक्रान्तिका दिन तिनीहरूका आफन्त, ज्वाई, छोरी आदि जम्मा भई उक्त दिन आफ्ना खुशी, दुःख सुख र पिडाहरू एक आपसमा साटासाट गर्न गर्दछन् । विभिन्न प्रकारका खानाका परिकारहरू सेलरोटी, सख्खर तरुल, मासको बारा, माछा, मासुका साथै जाँड रक्सि खाने गर्दछन् । अन्य चाडपर्वमा भन्दा यसमा यिनीहरूले जाँड रक्सिको सेवन बढी मात्रमा गर्दछन् ।

### घ) नागनागिनी पूजा

कुमालहरू नागजागिनीलाई भूमिदेवताको रूपमा मान्ने गर्दछन् । यस्तो पूजा गरेमा बाढी पहिरो आदिबाट घर तथा जग्गा जमिनको सुरक्षा हुने विश्वास गर्दछन् । उनीहरू विभिन्न नागहरूको पूजा गर्दछन् । यदि नागहरू रिसाएमा मानिसमा विभिन्न प्रकारका रोगहरू लाग्ने तथा समस्याहरू आइपर्ने विश्वास गर्दछन् । नाग नागिनीको मूर्ति बनाइसकेपछि त्यसको पूजा तथा गाईको दुध चढाउने गर्दछन् । सिमली र तितेपातीका लिङगोहरू गोडेर तिनमा ध्वजा वाध्ने गरिन्छ । कुमालहरूका केहि संस्कृतिहरू विशिष्ट प्रकारका हुनुका साथै छुट्टै तरिकाले मनाउने गरेका पाइयो भने कोहि संस्कृतिहरू हिन्दु धर्मसँग मिल्दाजुल्दा रहेको पाइन्छन् । यसबाट के भन्न सकिन्छ भने कुमालहरू हिन्दु धार्मिक परम्पराबाट प्रभावित हुँदै सोही अनुसार आफ्ना धार्मिक तथा साँस्कृतिक रितीरिवाजहरू संञ्चालन गर्दै आएका छन्

## ४.४. कुमालहरूको आर्थिक अवस्थाा

मानिसको रहनसहन खानपिन, शिक्षादीक्षा आदि जस्ता कुरामा आर्थिक पक्षले निर्णायक भूमिका खेल्दछ । सल्यानटार गा.वि.स.का कुमालहरूको आर्थिक अवस्थासँग संवन्धित विविध पक्षहरू यस शीर्षक अन्तर्गत समावेश गरिएको छ ।

### ४.४.१. भू-स्वामित्वको ढाँचाको विवरण

भूमि मानिसहरूको प्रमुख आयआर्जनको स्रोत हो । जसले मानिसहरूको आर्थिक अवस्था मापन गर्ने गर्दछ । ग्रामीण भेगमा भूमिको सामाजिक महत्व समेत हुने गर्दछ । नेपालको सन्दर्भमा जीवन निर्वाह गर्ने प्रकृतिको खेति गर्ने चलन रहेको छ । परिवारले खेति गर्दै आएको भूमी जस्तो प्रकारको छ । त्यसले आर्थिक अवस्थालाई प्रत्यक्ष्य अप्रत्यक्ष्य रूपमा

प्रभाव पार्ने गर्दछ । अध्ययनको लागि छनोट गरिएका उत्तरदाताहरूसँग रहेको भुमीको विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका ४**

**भू-स्वामित्वको विवरण**

| भूमिको परिणाम रोपनीमा | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १-२ रोपनी | १६ | २० |
| ३-४ रोपनी | २४ | ३० |
| ५-७ रोपनी | २० | २५ |
| ७-९ रोपनी | १० | १२.५ |
| १०-१५ रोपनी | ६ | ७.५ |
| १५ भन्दा मािथ | ४ | ५ |
| जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित तालिका अध्ययनको लागि छनोट गरिएको जम्म ८० घरपरिवार मध्ये २० प्रतिशत १६ परिवारसँग केल १-२ रोपनी जनिम मात्र  छ । ३० प्रशित अर्थात २४ घरपरिवारसँग ३-४ रोपनी जमिन रहेका पाइन्छ । २५ प्रशित अर्थात् २० घरपरिवारसँग ५-७ रोपनि जमिन रहेको पाइन्छ । १२.५ प्रशित अर्थात् १० घरपरिवारसँग ७-९ रोपनी जमिन छ । ७.५ प्रशित अर्थात् ६ घरपरिवारसँग १०-१५ रोपनी जमिन छ । ५ प्रशित अर्थात ४ घरपरिवारसँग १५ रोपनी माथि जमीन रहेको पाइन्छ ।

आँफुसँग थोरै जमिन भएतापनि उनीहरू बाहै्र महिना नै काममा व्यवस्त हुने गर्दछन्, अन्य जातीको खेतमा अधिया कमाउने, ज्यालादारी जस्ता काममा स-परिवार वर्ष

भरि नै संलग्न रहेका पाइन्छ । जसको प्रत्यक्ष्य वा अप्रत्यक्ष्य प्रभाव उनीहरूको वालवालीकाको शिक्षामा पर्दछ ।

### ४.४.२. कृषि उत्पादनबाट खाने पुग्ने समय

कृषि उत्पादनबाट परिवारको लागि अवाशयक पर्ने खाद्यान्न पर्याप्त भएमा उक्त परिवारका सदस्यले आफूलाई सुरक्षित महसुस गर्ने, पूर्ण विश्वासका साथ अन्य कार्यमा संलग्न हुने तथा छोराछोरीको शिक्षादीक्षामा पनि ध्यान दिने गर्दछन् । यसको विपरीत परिवारले सधै खाद्य संकटको सामना गर्नुपर्ने तथा २ छाक खानकै लागि रातदिन काम गर्नु परेमा उनीहरू आफूलाई असुरक्षित महसुस गर्नुको साथै कमाइको ठूलो मात्र खाधान्नमा खर्च गर्नुपर्नै हुन्छ । जसको कारण उनीहरूको लागि शिक्षा, स्वास्थ्य, सरसफाइ र भविष्यको लागि वचत गर्नुपर्दछ भन्ने भावना गौण हुन जान्छन् । त्यतिवेलवा तिनीहरूको लागि शिक्षाभन्दा २ छाक खाना महत्वपूर्ण हुन्छ र उनीहरू पढाई छाडेर त्यसैको खोजीमा हिड्ने गर्दछन् । कृषि उत्पादनबाट कुमाल परिवारलाई खान पुग्ने समय निम्न तालिकामा देखाइएको छ ।

**तालिका ५**

**कृषि उत्पादनबाट परिवारलाई खान पुग्ने समय**

| कृषि उत्पादनबाट खान पुग्ने समय | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १-४ महिना | २४ | ३० |
| ४-८ महिना | ४० | ५० |
| ८-१२ महिना | १६ | २० |
| जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

यस अध्ययनका लागि छनोट गरिएका जम्मा ८० घरपरिवारको लागि कृषि उत्पादनबाट खान पुग्ने समय माथिको तालिकामा देखाइएको छ । छनोट गरिएका मध्ये ३० प्रतिशत घरपरिवार लाई आफ्नो कृषि उत्पादनवाट १-२ महिना मात्र खान पुग्ने

गरेकोपाइयो । ५० प्रतिशत घरपरिवारलाई आफ्नै कृषि उत्पादनबाट ४-८ महिना खान पुग्ने गरेको पाइयो भने केवल २० प्रतिशत घरपरिवारलाई मात्र जेनतेन आफ्नो खेतवारीबाट उत्पादन भएको अन्नले वर्षभरी खान पुग्ने गरेको पाइयो ।

यस क्षेत्रमा उत्पादन गरिने मुख्य वालीहरूमा धान, मैक, गहुँ, कोदो, तोरी र विभिन्न प्रकारका तरकारीहरू पर्दछन् । पर्याप्त मात्रमा उब्जनी नहुने र प्राप्त अन्नले सम्पूर्ण परिवार पाल्न नसकिने कुरा कुमाल अगुवाहरूले वताए । खेतबाट प्राप्त खाद्यान्न अप्रर्याप्त हुने भएकाले त्यसको परिपुर्तिको लागि उनीहरू ज्यालादारी गरेर तथा अरुको खेत अधिया कमाउने कार्यबाट आवश्यक खाधान्नको पुर्ती गर्दै आएको पाइन्छ । खेतवारीमा काम गर्न थप श्रमशक्तिको आवश्यकता पर्ने तथा ज्यालादारीमा परिवारका सवै सदस्यहरू संलग्न भएमा बढी आर्जन गर्न सकिने भएकाले अभिभावकहरूले आफ्ना छोराछोरीलाई पनि आफुसँगै काममा लैजाने गर्दछन् । अभिभावकका लागि उक्त अवस्थामा छोराछोरीको पढाइ असान्दर्भीक पुँहुचभन्दा बाहिरको हुनुका साथै गौण रूपमा लिने गरेको पाइन्छ ।

### ४.४.३. वार्षिक आम्दानी विवरण

परिवारको आर्थिक आम्दानीले उक्त परिवारको आधारभूत आवश्यकता पूरा गर्नुको साथै परिवारको पहिचान पनि वन्दछ । आर्थिक रूपमा सक्षम भएमा मात्र शिक्षा, स्वास्थ्य, शैक्षिक सामाग्रीहरू, मनोरन्जनमा खर्च गर्न सक्ने हुन्छ । तर आम्दानी कम भएमा परिवारका सवै सदस्यहरूका आधारभूत आवश्यकता पनि पुरा गर्न नसक्ने स्थिति हुन्छ । कुमालहरूको वार्षिक आम्दानी विवरण निम्न तालिकामा देखाइको छ ।

**तालिका ६**

**वार्षिक आम्दानी विवरण**

| वार्षिक आम्दानी | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| ४० हजारसम्म | ३६ | ४५ |
| ४०-६० हजारसम्म | २४ | ३० |
| ६० हाजरभन्दा माथि | २० | २५ |
| जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित तालिकामा कुमालहरूको वार्षिक आम्दानी विवरण देखाइएको छ । छनोट गरीमा जम्म ८० घरपरिवारमध्ये ४५ प्रशितको वार्षिक आम्दानी ४० हजार मात्र रहेको पाइन्छ । ३० प्रशित घरपरिवारको वार्षिक आम्दानी ४०-६० हजारसम्म रहेको पाइन्छ भने बाँकी २५ प्रशित घरपरिवारको वार्षिक आम्दानी ६० हजारभन्दा माथि रहेको पाइयो । यस तथ्याङ्कका आधारमा छनोट जनसंख्यामध्ये आधा जनसंख्याका लागि वार्षिक आम्दानीले आधारभूत आवश्यकता समेत पुरा गर्न कठिनाई पर्ने गरेको देखियो । यस्तो अवस्थामा उनीहरूले आफ्नो कमाइको केही प्रतिशत पनि शिक्षामा खर्च गर्न सक्ने अवस्था रहेको देखिदैन भने उनीहरूका वालवालिका शिक्षामा आर्थिक तत्व वाधकका रूपमा देखिन्छ ।

### ४.४.४.**कुमलाहरूको आम्दानीका स्रोतहरू**

अध्ययनमा छनोट गरिएका परिवारको आम्दानीका स्रोतहरू विभिन्न रहेतापनि अधिकांश घरपरिवारको मुख्य आम्दानीको स्रोत कृषि पेशा नै रहेको छ। यस अध्ययनका लागि छनोट गरिएका मध्ये ७५ प्रशित घरपरिवार कृषि पेशामा आवद्ध रहेको पाइयो ।

**तालिका७**

**कुमालहरूको आम्दानीको स्रोतहरू**

| आम्दानीका स्रोतहरू | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ३० | ३७.५ |
| कृषि व्यापार | ४ | ५ |
| कृषि पशुपालन | २० | २५ |
| दैनिक ज्यालादारी | १४ | १७.५ |
| रोजगारी | ४ | ५ |
| कृषि ज्यालादारी | ८ | १० |
| जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

छनोट गरिएका घरपविारमध्ये ३७.५ प्रशित घरपरिवारको आम्दानकिो प्रमुख स्रोत कृषि रहेको पाइन्छ । त्यसरी नै ५ प्रतिशत घरपरिवारको आम्दानीको स्रोत कृषि र व्यापार रहेका पाइयो । २५ प्रतिशत घरपरिवारको मुख्य आम्दानीको स्रोत कृषि र पशुपालन रहेको पाइयो । त्यस्तै १७.५ प्रतिशत कुमालहरूको मुख्य आम्दानीको स्रोत दैनिक ज्यालादारी गर्ने गरेका पाइयो । ५ प्रशित घरपरिवारको मात्र रोजगारी आम्दानीको प्रमुख स्रोत रहेको पाइयो । १० प्रतिशत घरपरिवारले प्रमुख आम्दानीको स्रोत कृषि ज्यालादारी रहेको पाइयो ।

### ४.४.५. पशुपालन गर्ने उत्तरदाताको विवरण

कृषि कार्य गर्नको लागि पशुपालनलाई पनि सहयोगीको रूपमा लिइन्छ । पशुहरूबाट कृषिकार्यको लागि आवश्यक पर्ने गोवर मल प्राप्त हुनुका साथै खेतवारी जोत्नको लागि उपयोग ल्याउने गरिन्छ भने अनय कतिपय पशुहरू, दुध, मासु जस्ता कुराहरू आपूर्तिका लागि पाल्ने गरिन्छ । कुमाल समुदायमा पालिने पशुहरूको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका ८**

**पशुपालन गर्ने उत्तरदाताको विवरण**

| पशुपंक्षीको विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| गाई, वाखा, खरायो | १४ | १७.५ |
| गाई, गोरु, कुखुरा | १० | १२.५ |
| भैंसी, गाई, गोरु, कुखुरा | ३४ | ४२.५ |
| बाखा, गाई गोरु, कुखुरा | १२ | १५ |
| कुखुरा, भैंसी, वंगुर | १० | १२.५ |
| जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित तालिकामा देखाए जस्तै छनोट गरिएका १७.५ प्रतिशत कुमालहरूले गाई, वाखा र खरायो पाल्ने गरेको पाइयो । १२.५ प्रतिशत कुमालहरूले गाई, गोरु, कुखुरा जस्ता पशुपंक्षी पालेको पाइयो । सवैभन्दा बढी ४२.५ प्रतिशत घरपरिवारले गाई, भैसी, गोरु, कुखुरा जस्ता पशुपंक्षी पाल्ने गरेको पाइयो । यसरी नै १५ प्रतिशत घरपरिवाले वाखा, गाई, गोरु, कुखुरा पालेका पाइयो भने १२.५ प्रतिशत कुमाल परिवारहरूले कुखुरा, भैसी, वंगुर जस्ता पशुपंक्षी पालेको पाइयो । कुमालहरूको प्रत्येक पुजाआजामा तथा पर्वहरूमा कुखुरा आवश्यक पर्ने भएकाले प्रत्येक घरपरिवारले कुखुरा पाल्ने गरेको पाइयो । दुधजन्य पदार्थको आपूर्तिका लागि गाई, भैसी तथा खेत जोत्नको लागि गोरु पाल्ने गरेको पाइयो । त्यस्तै मासुको आपूर्ति तथा विक्री वितरण गरी आर्थिक आर्जन गर्नको लागि बाखा, कुखुरा र वंगुर पालन गरेको पाइयो ।

अध्ययन क्षेत्रका कुमालहरू मध्ये यस अध्ययनका लागि छनोट गरिएका घरपरिवारमा पालिएका पशुपंक्षिहरको वेचविखन कार्यमा कसले निर्णय गर्दछ भन्ने कुरा पत्ता लगाउनका लागि प्रश्न सोधिएको थियो । जसमा छनोट गरिएको मध्ये पशुहरूको वेचविखनमा ३२.५

प्रतिशतको परिवारमा श्रीमान अर्थात घरको मुख्य मान्छेले निर्णय गर्ने गरेको पाइयो । त्यस्तै ६२.२ प्रतिशत परिवारमा श्रीमान श्रीमति दुवैले मिलेर पशु वेचविखनको निर्णय गर्ने गरेको पाइयो भने केवल ५ प्रतिशत घरपरिवारमा मात्र पशुपंक्षीको वेचविखन स्वयं महिलाहरूले निर्णय गर्ने पाइयो ।

## ४.५. कुमालहरूको शैक्षिक अवस्था

शिक्षा क्षेत्रसँग सवन्धित सुचनाहरुलाई यस शीर्षकमा व्याख्या विश्लेषण गरिएको छ । अध्ययनका लागि छनोट गरिएको कुमालहरूसँगको अन्तवार्ताबाट प्राप्त जानकारी मुख्य सुचनादता तथा सल्यानटार गा.वि.स. मा अवस्थित विद्यालयबाट संकलन गरी ल्याइएका तथ्याङ्कहरूलाई समग्रमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ । शिक्षा व्यक्तिको जीवनमा नभई नहुने प्रक्रिया हो । यसले मानिसलाई गुणस्तरीय जीवन व्यतित गर्नको लागि आवश्यक पर्ने योग्यता, गुणहरू, ज्ञान सीपहरू प्रदान गर्ने गर्दछ । शिक्षाले व्यक्तिलाई समाजमा अरुसँग व्यवहार गर्ने तरिका आफूले गर्नुपर्ने जिम्मेवारी, आर्थिक स्वरूपको सहि रूपमा पहिचान र प्राथमिकताको आधारमा कार्य गर्न सहयोग गर्दछ ।

कुमालहरूको शैक्षिक अवस्था पत्ता लगाउन अध्ययन क्षेत्र ५ देखि ४५ वर्षसम्मका उमेर समूहलाई छनोट गरिएको थियो । किनभने सरकारी क्षेत्रका पनि प्राय गरी ४५ वर्षसम्मलाई साक्षर बनाउन समयसमयमा विभिन्न कार्यक्रम ल्याउँदै आएको छ । यधपि यस अध्ययनको लागि विशेष गरी विद्यालय स्तरमा अध्ययनरत वालवालिका तथा उच्च शिक्षा ग्रहण गरिरहेका कुमाल समुदायका व्यक्तिलाई पनि केन्द्रित गरिएको छ । सरकारले अक्षर चिन्न सक्ने, लेखापढ गर्न सक्ने तथा सामान्य हरहिसाव राख्न सक्ने व्यक्तिलाई साक्षर (Literature)र लेख्न र पढ्न नसक्ने व्यक्तिलाई निरक्षर (Illiterate)परिभाषित गरेको पाइन्छ ।

अध्ययन क्षेत्रका कुमालहरूमा पहिले विद्यालय गएर वा पढेर के हुन्छ? त्यो भन्दा काममा गए वेलुका खान पाइन्छ विद्यालयले खान दिदैन भन्ने धारणा थियो । उनीहरू आफूले दैनिक रूपमा कमाएर ल्याएको सम्पति र अन्य क्षेत्रका मानिसहरूको सम्पतिसँगग तुलना गरी शिक्षालाई न्यून रूपमा आकलन गर्ने गर्दछन् । जुन कुरा शिक्षीका विनिता कुमालले बताइन । वर्तमान समयमा कुमालहरूको यस्तो धारणामा परिवर्तन आएको कुरा मुख्य सुचनादाताले वताए । तिनीहरू कृषि कार्य र परम्परागत आर्थिक क्रियाकलाप

सञ्चालन गर्नको लागी शिक्षा आवश्यकता नपर्ने सोचाइ राख्दछन् । यस्तो हुनको मुख्य कारण तिनीहरूको कमजोर सामाजिक आर्थिक अवस्था र शिक्षाप्रतिको चेतनाको कमी हो । तर वर्तमान समयमा तिनीहरू पढ्दा र नपढ्दा हुने फाइदाहरू तुलना गर्ने तथा शिक्षाको महत्वप्रति एकदमै चासो रहेका पाइयो ।

### ४.५.१ उत्तरदाताको शैक्षिक अवस्था

**तालिका ९**

**साक्षरताको स्थिति**

| साक्षरताको स्थिति | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | २४ | ३० |
| साक्षर | २६ | ३२.५ |
| प्राथमिक तह | १२ | १५ |
| नि.मा.वि. तह | ८ | १० |
| मा.वि. तह | ६ | ७.५ |
| + २ भन्दा माथि | ४ | ५ |
| जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

शिक्षाले मानिसलाई दैनिक जीवनयापन गर्नका लागि आवश्यक पर्ने ज्ञान सीपहरू प्रदान गर्दछ । अध्ययनका लागि छनोट गरिएका कुमाल समुदायका मानिसहरूको ठूलो समूह अझैपनि निरक्षर रहेका पाइयो । जसको जनसंख्या ३० प्रशित रहेको छ । त्यस्तै लेखपढ गर्न तथा सामान्य हरहिसाव राख्न जान्ने साक्षर मानिसको संख्या ३२.५ प्रतिशत रहेको पाइन्छ । प्राथमिक तह अध्ययन गरेका मानिसको प्रतिशत १५ छ भने नि.मा वि.तह मा. १० प्रतिशत र मा.वि. तहमा ७.५ प्रतिशत रहेको पाइयो । त्यसरी नै उच्च शिक्षामा केवल ५ प्रतिशत

कुमालहरूको मात्र संलग्नता रहेको पाइन्छ । माथिको तालिकाको आधारमा अझै पनि कुमाल समुदायमा निरक्षर प्रतिशत धेरै रहेको देखिन्छ ।

### ४.५.२ अध्ययनको लागि छनोट गरिएको परिवारका सदस्यहरूको शैक्षिक अवस्था

कुमालहरूमा शिक्षाप्रतिको चेतना स्तरमा वृद्धि भएतापनि त्यो पर्याप्त छैन, अझै पनि विद्यालय जान छोडेका युवायूवतीहरू आफ्नो उत्पादनमूलक समय त्यतिकै खेर फालिरहेका छन् । अध्ययन क्षेत्रका कुमालहरू शिक्षावाट त्यति लाभान्वित नभएकाले शिक्षामा उनीहरूको आकर्षण छैन जेनतेन प्राथमिक शिक्षा पुरा गर्दछन् भने निम्न माध्यमिक र माध्यमिक तहवाट उनीहरूले विद्यालय छोडेर आर्थिक आर्जनमा लाग्ने कार्य शुरु गर्दछन् । यस अध्ययनको लागि छनोट गरिएका परिवारका सदस्यहरूको शिक्षामा सहभागीताका अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १०**

**उमेर समुह र शैक्षिक विवरण**

| उमेर समुह | निरक्षर | साक्षर | प्राथमिक | कक्षा ८ सम्म | कक्षा १० सम्म | + १२ सम्म | स्नातक |
|---|---|---|---|---|---|---|---|
| ६-१४ | ६ | १४ | १२ | १० | ८ | - | - |
| १५-२० | १० | १६ | २० | ३४ | १२ | १० | - |
| २०-२५ | १६ | १८ | १६ | २२ | २० | ६ | ६ |
| २५-४० | १२ | १४ | १६ | १६ | १० | २ | - |
| ४०-६० | २८ | १२ | १० | २ | ४ | - | - |
| ६०वर्ष भन्दा माथि | २२ | १४ | ८ | - | - | - | - |
| जम्मा | ९४ | ८८ | ८२ | ८४ | ५४ | १८ | ६ |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित तालिकामा अध्ययनका लागि छनोट गरिएका कुमाल परिवारको शैक्षिक अवस्था देखाइएको छ । बाबु बाजेले नपढेरै आफ्नो जीवन चलाए हामीले किन पढ्नु पुऱ्यो । स्कुलले खान दिदैन काममा गए बेलुका खान पाइन्छ । यी भनाइहरू राम कुमालले अर्न्तवार्ताको क्रममा बताए । वास्तवमा तत्कालको लागि उनीहरूलाई विहान बेलुका छाक टार्न चिन्ताको परिणामस्वरूप आएको भावनाको रूपमा माथिको भनाइलाई लिन सकिने भएतापनि त्यसले दिर्घकालिन रूपमा तिनीहरूलाई असर गर्दछ । माथिको तालिकामा छनोट गरिएका परिवारका जम्मा ४२० जना सदस्यहरूमध्ये २२.३८ प्रतिशत निरक्षर छन् १९.५२ प्रतिशतले प्राथमिक तहसम्म र २० प्रतिशतले निम्न माध्यमिक तहसम्मको शिक्षा मात्र प्राप्त गरेको पाइन्छ । त्यसरी नै माध्यमिक तहसम्म अध्ययन गर्ने कुमालहरूको प्रतिशत १२.८५ मात्र छ भने उच्च माध्यमिक र उच्च शिक्षामा झन न्यून प्रतिशत रहेको छ । जसको प्रतिशत क्रमश उच्च माध्यमिकमा ४.२८ प्रतिशत र स्नातक तहमा १.४२ प्रतिशत मात्र छ । जुन कुरालाई मुख्य उत्तरदाताले बताएको पाइन्छ ।

### ४.५.३ विद्यालय तथा उच्च शिक्षामा अध्ययनरत कुमालहरूको अवस्था

कुमाल समुदायमा शिक्षा सम्बन्धमा जे जस्ता अन्धविश्वासहरू परम्परागत रूपमा थिए । तिनीहरूमा विस्तारै परिवर्तन भइरहेको छ । सुचना तथा संचारको कारणले उनीहरूको शिक्षाप्रतिको दृष्टिकोणमा व्यापक मात्रामा परिवर्तन आएको कुमाल अगुवाहरू बताउँछन् । प्राथमिक शिक्षा प्राप्त गर्ने कुमाल बालबालिकाको उच्च रहेता पनि माध्यमिक र उच्च शिक्षा प्राप्त गर्ने कुमालहरूकोप्रतिशत भने अत्यन्त कम रहेको छ । विद्यालय शिक्षामा कुमालहरूको सहभागितालाई तलको तालिकामा देखाइएको छ ।

तालिका ११

विद्यालय तह तथा उच्च शिक्षामा अध्ययनरत कुमाल बालबालिकाको विवरण

| शिक्षाको तहमा | छात्र | | छात्रा | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| प्रारम्भिक (ECD) | ३२ | ७.९२ | २६ | ७.३८ |
| प्राथमिक तह (१-५) | २८० | ६९.३० | २०८ | ५९.०९ |
| नि.मा.वि. तह (६-८) | ६२ | १५.३४ | ७० | १९.८८ |
| मा.वि. तह (९-१०) | १० | २.४७ | १८ | ५.११ |
| + २ तह (११-१२) | १४ | ३.४६ | २० | ५.६८ |
| स्नातक तह | ६ | १.४८ | १० | २.८४ |
| जम्मा | ४०४ | १०० | ३५२ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

कुमाल समुदायमा प्राथमिक तहसम्मको शिक्षामा सहभागिता राम्रो देखिएतापनि तह बढ्दै जाँदा उनीहरूको सहभागिता पनि पातलो हुँदै गएको पाइन्छ । वालविकास केन्द्र जहाँ ४ वर्ष पुरा गरेका बालबालिकाहरूलाई १ वर्षसम्म पढाइन्छ । उक्त तहमा छात्रछात्राहरूको सहभागिता क्रमशः ७.९२ र ७.३८ प्रतिशत रहेको छ । शिक्षाको आधारभूत तह मानिने प्राथमिक तहमा कुमाल विद्यार्थी ६९.३० प्रतिशत छात्र र ५४.०९ प्रतिशत छात्रा छन् ।

छनोट गरिएको क्षेत्रमा एउटा विद्यालय माध्यमिक स्तरसमम संचालित छ । जसमा निम्न माध्यमिक तहमा १५.३४ प्रतिशत छात्र र १९.८८ प्रतिशत छात्रा राहेको पाइन्छ । माध्यमिक तहमा २.४७ प्रतिशत छात्र र ५.११ प्रतिशत छात्रहरू मात्र अध्ययनरत छन् ।

प्राथमिक तहमा अध्ययनरत उक्त बालबालिकाहरूमध्ये केवल एक तिहाइले मात्र माध्यमिक तहसम्म अध्ययनरत गरेको देखिन्छ । उक्त उच्च शिक्षाको जग मानिने + २

तहमा कुमालहरूको उपस्थिति औंलामा गन्न सकिने खालको छ जसमा ३.४६ प्रतिशत छात्र र ५.६८ प्रतिशत छात्राहरू मात्र अध्ययनरत रहेका छन् । त्यस्तै सीपमुलक र दक्ष जनशक्तिको रूपमा लिइने स्नातक तहमा १.४८ प्रतिशत छात्र र २.४८ प्रतिशत छात्रा अध्ययनरत छन् ।

अध्ययन क्षेत्रको उत्तरदातालाई तपाईका छोराछोरी नियमित रूपमा विद्यालय जान्छन् भन्ने प्रश्न सोधिएको थियो जसमा ७५ प्रतिशतले नियमित रूपमा विद्यालय जाने गरेको कुरा बताएका थिए । उक्त भनाइले प्राथमिक तह सम्ममा केही हदसम्म मेल खाए तापनि निम्न माध्यमिक र माध्यमिक तथा उच्च शिक्षामा मेल खाएको देखिदैन ।

### ४.५.४ तह पुरा नगरी विद्यालय छोड्ने कुमाल बालबालिकाहरूको विवरण

प्राथमिक तहमा ठूलो संख्यामा विद्यार्थी भर्ना भए तापनि उक्त संख्या कक्षा १० सम्म एक तिहाइ मात्र भर्ना भई अध्ययनरत रहेको पाइन्छ । विद्यालय तह उमेरका विद्यालय छोड्ने बालबालिकाहरूको विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका १२**

**तह पुरा नगरी विद्यालय छोड्ने कुमाल बालबालिकाहरूको विवरण**

| शिक्षाको तहमा | छात्र | | छात्रा | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| प्राथमिक तह (१-५) | ३२ | ४८.४८ | २० | २७.७७ |
| नि.मा.वि. तह (६-८) | ३० | ४५.४५ | ३२ | ४४.४४ |
| मा.वि. तह (९-१०) | ४ | ६.०६ | २० | २७.७७ |
| जम्मा | ६६ | १०० | ७२ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिकामा तह पूरा नगरी विद्यालय छोड्ने कुमाल बालबालिकाहरूको विवरण दिइएको विद्यार्थीहरूमध्ये ४८.४८ प्रतिशत छात्र र २७.७७ प्रतिशत छात्रा रहेको

पाइन्छ । निम्न माध्यमिक तहमा ४५.४५ प्रतिशत छात्र र ४४.४४ प्रतिशत छात्रा तह पुरा नगरी विद्यालय छोडने पाइयो । त्यसरी नै माध्यमिक तहमा ६.०६ प्रतिशत छात्र र २७.७७ प्रतिशत छात्रले तह पूरा नगरी विद्यालय छोडेको पाइयो ।

उत्तरदातालाई तपाईको समुदायमा विद्यालय छोड्ने बालबालिकाहर छन् भनी सोधिएको प्रश्नमा छनोट गरिएको मध्ये ८० प्रतिशत विद्यालय छाडेका बालबालिकाहरू रहेको कुरा उल्लेख गरेका थिए । किन विद्यालय नगएका होलन भन्ने जवाफमा मुख्य उत्तरदाता र छनोट गरिएका उत्तरदाताले आर्थिक समस्या अशिक्षा घरपरिवारलाई सघाउनुपर्ने, गुणस्तरिय शिक्षाको कमी, पढाइबाट खासै फाइदा नदेख्नु, शिक्षालाईभन्दा पैसालाई बढी महत्व दिनु जस्ता कारण जिम्मेवार रहेको कुरा उत्तरदाताले व्यक्त गरेका थिए ।

### ४.५.५ बालबालिकाहरूको अध्ययनमा परिवारको सहयोग

छनोट गरिएका उत्तरदाताहरूलाई विद्यालयबाट बालबालिकाहरू घर फर्केपछि अध्ययन गर्न तथा विद्यालयमा शिक्षकले दिएको कार्य गर्न पर्याप्त समय पाउँछन् भन्ने प्रश्नमा छनोटमा परेका मधये ७२.५ प्रतिशतले पर्याप्त समय पाउने तथा छोराछोरीको पढाइमा अवरोध नपुऱ्याउने कुरा उल्लेख गरेका थिए । त्यस्तै छनोट गरिएका मध्ये २८ प्रतिशतले घरायसी काममा सघाउनु पर्ने, पर्याप्त मात्रामा खानेपानी नपाइने भएकोले लाइनमा बसेर पानी ल्याउनुपर्ने आमाबाबु काम गर्न जानुपर्ने भएकोले भाइबहिनीहरूको हेरचाह गर्नुपर्ने जस्ता कारणले उनीहरूको घरमा पढाइको लागि पर्याप्त समय पाउन नसकेको कुरा बताएका थिए ।

यस अध्ययनको लागि छनोट गरिएका कुमालहरूको शिक्षासँग सम्बन्धित विषयमा सरकारी तथा गैह्र सरकारी क्षेत्रबाट चेतनामुलक कार्यक्रम तथा तालिममा सहभागी हुनेको प्रतिशत ५२.५ छ भने बाँकी ४७.५ प्रतिशतले कुनै पनि तालिम लिएको देखिएन । तालिम लिनेमध्ये धेरै जनाले प्रौढ शिक्षा, अन्धविश्वासका लैंगिक विभेदमा कारण देखापर्ने असर, सरसफाइ, लागु पदार्थको सेवनबाट हुने हानीहरूको बारेमा तालिम लिएको देखिन्छ । तालिम प्राप्त गरिसकेपछि उनीहरूमा छोराछोरमि भेदभाव गर्नु हुँदैन । आफ्ना छरछिमेकका विद्यार्थीहरूलाई विद्यालय पठाउन सहयोग गर्नुपर्ने शिक्षाको महत्व अरुलाई बुझाउनुपर्ने र

आफ्ना मनमा लागेका कुराहरू आत्मवलका साथ राख्न सक्ने कुराको विकास भएको पाइयो ।

शिक्षा प्राप्त गर्दा र नगर्दामा के फरक पाउनुभएको छ भन्ने प्रश्नमा छनोट गरिएका उत्तरदाताहरूमध्ये सबैले पढाइ भएमा जागिर प्राप्त हुने देश विदेशका कुराहरू जान्न सकिने अन्य मानिससँग गर्ने व्यवहारको बारेमा ज्ञान प्राप्त हुने धारणा राखे भने नपढेमा जोखिमपूर्ण काम गर्नुपर्ने, सबैको हेपाइ सहनुपर्ने, अरुको खेतवारमा जोत्नुपर्ने, बजारमा गएर दैनिक ज्यालादारमा साथै लोड अनलोड गर्नुपर्ने, निर्माण कार्यमा जोखिमपूर्ण काम गर्नुपर्ने कुरा उल्लेख गरे । त्यसैले वर्तमान समयमा कुमाल समुदायमा आफूले नपढेको भएता पनि छोराछोरीलाई जसरी पनि पढाउनुपर्दछ भने चेतनाको विकास भएको पाइन्छ ।

सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट कुनै कार्यक्रम संचालन भएको छ भन्ने प्रश्नमा ६७.५ प्रतिशतले चेतनामुलक कार्यक्रम भएको प्रतिक्रिया दिए । यस्ता कार्यक्रमहरूमा शान्ति नेपाल भन्ने गैर सरकारी संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको, प्रयास नेपाल तथा जिल्ला शिक्षा कार्यालय धादिङबाट स्टेशनरी सामाग्री प्राप्त गरेको बताए । त्यस्तै अन्य संस्थाहरूबाट छोराछोरीलाई समान व्यवहार गर्नुपर्छ, भेदभाव गर्नू हुँदैन, छोरीलाई विद्यालय पठाउनुपर्दछ । शिक्षा प्राप्त गर्दा हुने फाइदाहरू तथा दैनिक जीवनका लागि आवश्यक सीप र ज्ञानहरू तालिमबाट प्राप्त गरेको र यसबाट आफ्ना बालबालिकाको शिक्षामा सकारात्मक प्रभाव पार्ने धारणा राखेको पाइयो ।

## ४.६ सामाजिक सांस्कृतिक आर्थिक पक्षले शिक्षामा पारेको प्रभावको अवस्था

शिक्षा समाज तथा विद्यार्थीको लागि आवश्यकता परिपूर्तिका लागि संचालन गरिएकोहुन्छ । शिक्षा प्रणालीमा सामाजिक, सांस्कृतिक, आर्थिक पक्षको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । नेपाली समाजमा धेरै किसिमका संस्कृतिहरू अस्तित्वमा रहेका छन् । प्रत्येक जाति विशेषका आफ्नै चाडपर्वहरू र मनाउने तरिकाहरू फरक फरक रहेका छन् । अध्ययन क्षेत्रका कुमालहरूको शिक्षामा सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको प्रभावलाई निम्नानुसार देखाइएको छ ।

### ४.६.१ सामाजिक कारणले शिक्षामा पारेको प्रभाव

अध्ययनको लागि छनोट गरिएको अध्ययन क्षेत्रका कुमाल समुदायमा पनि विभिन्न अध्यविश्वासले जरो गाडेर बसेको पाइन्छ । छनोट गरिएका उत्तरदातामध्ये ३० प्रतिशत

निरक्षर रहेको पाइयो । जसको कारण उनीहरूलाई शिक्षाको महत्व र त्यसबाट प्राप्त हुने फाइदाको बारेमा ज्ञान नै भएको पाइएन । कुमाल समुदायमा चाँडो विवाह गर्ने प्रचलनले शिक्षामा प्रभाव पारिरहेको पाइन्छ । यस अध्ययनका लागि छनोट गरिएका मध्ये ७५ प्रतिशत उत्तरदाता विवाहित रहेको पाइयो । जसले आफ्नो भावी पढाइमा कुनै चासो देखाएको पाइदैन । छोरा छोरीको विवाह पश्चात उनीहरूले आफ्नो पढाईलाई निरन्तरता दिएको छन् भन्ने प्रश्नमा छनोट गरिएका मध्ये ६२.५ प्रतिशतले छोराछोरीले विवाह पश्चात पढाइलाई निरन्तरता दिन नसकेको धारणा राखेको पाइन्छ । यसका मुख्य कारण कुमालहरूमा बढ्दै गएको एकल परिवारमा बस्ने चलन, परिवारको लागि आवश्यक पर्ने खाद्यान्नको आपूर्ति, घरको कामको जिम्मेवारी लिनुपर्ने तथा विवाह पश्चात पढ्नु हुदैन भन्ने मान्यताले काम गरेको पाइन्छ । एकल परिवारमा बस्दा सम्पूर्ण परिवारको भरणपोषण श्रीमान् एक्लैले गर्नुपर्ने भएकोले पढाइ त्याग्नु परेको कुरा उत्तरदाताले राखेको पाइयो ।

अन्धविश्वास तथा देखासिकीले गर्दा पनि उनीहरूको शिक्षामा असर गरेको पाइन्छ । बाबु बाजेले नपढेर नै आफ्नो जीवन चलाए, पढेर के हुन्छ? त्यो भन्दा ढलान गर्न गए बरु २-४ पैसा आउँछ र बेलुका खान पाइन्छ भन्ने मान्यता कुमाल अभिभावकको पाइयो । कुमाल अभिभावकको भनाइ उद्दत गर्दै शिक्षिका विनिता कुमालका अनुसार "अभिभावकहरूले आफ्ना छोराछोरीलाई टिफिनसम्म पढाएर त्यसपछि गोठालो जानको लागि पढाइदिनुहोला" भन्ने गरेको समेत पाइयो । अभिभावकहरू विहान काममा गएर बेलुका मात्र फर्किने भएकोले कतिपय परिवारका बालबालिकाहरू विद्यालय नै जादैनन् । किनकि उनीहरूको आफूभन्दा साना भाईबहिनीको हेरचाह गर्नुपर्ने, उनीहरूको लागि खाना पकाउनुपर्ने तथा गाई वस्तुको हेरचाह गर्नुपर्ने हुन्छ । छनोटमा परेका ७५ प्रतिशत उत्तरदाताले आफ्नो छोराछोरीले पढाइको लागि पर्याप्त समय पाउने उल्लेख गरेता पनि वास्तविक रूपमा त्यसको ठीक उल्टो स्थिति अध्ययन क्षेत्रमा रहेको पाइन्छ । घरपरिवारको कामको बोझ पनि शिक्षालाई प्रभाव पार्ने मुख्य तत्वको रूपमा रहेको पाइयो ।

खाद्यान्नको आपूर्ति गर्नको लागि कुमालहरू अरुको खेतवारीमा हलो जोत्ने, खेत अधिया कमाउने गर्दछन् । यस्तो कार्यका लागि धेरै जनशक्तिको आवश्यकता पर्दछ । त्यस्तै अभिभावकहरू आफूसँगै आफ्ना बालबालिकाहरूलाई पनि कृषि कार्यमा सरीक गराउने गर्दछन् । तयतिबेला तिनीहरूलाई विद्यालयको पढाई गौण हुने गर्दछ । देखासिकी पनि प्रमुख कारणको रूपमा रहेको पाइन्छ । उक्त समुदायमा प्राथमिक तह पूरा गरेपछि कामको

खोजीमा विभिन्न ठाउँमा जाने गर्दछन् । गाउँका अन्य व्यक्तिले पैसा कमाएर ल्याएको, राम्रो राम्रा लुगा, मोबाइल बोकेको तथा घरमा मिठो कुरा खाएको देख्दा विद्यालयमा अध्ययन गरिरहेका बालबालिकाहरूलाई माथि उल्लेखित कुराले आकर्षित गर्नुका साथै अभिभावकहरू पनि गाउँका अन्य बालबालिकाहरूसँग तुलना गरेर मानसिक रूपमा दबाव दिने गरेकोले उनीहरूआफ्नो पढाइ बीचमै छोडेर कामको खोजमा जाने गरेको पाइयो ।

कतिपय कुमाल बालबालिकाहरू आफै विद्यालय छोड्दछन् भने कतिपयले पारिवारिक कारणले विद्यालय छाडेर कामको खोजीमा शहरतिर लाग्ने गरेको पाइयो । त्यसैले विद्यालयमा भर्ना भएका विद्यार्थीहरूमध्ये केवल ३ प्रतिशत विद्यार्थी मात्र कक्षा १० सम्म अध्ययनरत रहेको देखियो भने अन्य विद्यार्थीहरू बीचैमा विद्यालय छोडेको पाइयो । विद्यालय छोडेका कुमाल बालबालिकाहरू के कस्ता कार्यमा संलग्न हुने गरेका छन् भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका १३**

**विद्यालय छोडेका कुमाल बालबालिकाहरूको अन्य कामका संलग्नताको अवस्था**

| कामको विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| घरपरिवारलाई सघाउने | ३० | ३७.५ |
| गाइवस्तुको हेरचाह गर्ने | ८ | १० |
| नोकरी गर्ने | १४ | १७.५ |
| दैनिक ज्यालादारी गर्ने (लोड, अनलोड, ढलान, गारो लगाउने) | २८ | ३५ |
| जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित तालिकामा उल्लेख गरिए बमोजिम यस अध्ययनको लागि छनोट गरिएका अध्ययन क्षेत्रका कुमाल विद्यार्थीहरूले तहपूरा नगरी विद्यालय छोड्ने दर उच्च रहेको छ । प्राथमिक तहसम्म उनीहरू कामको लागि शारीरिक रूपमा तयार भैसकेका हुदैनन् । त्यसैले प्राथमिक तहमा कुमालहरूको उपस्थिति राम्रो रहेता पनि बढ्दै जाँदा उनीहरू पनि परिपक्क हुने र समाजका अन्य व्यक्तिहरूको लहलहैमा लागेर विद्यालय छोड्दछन् भने यसरी विद्यालय छोडेका बालबालिकाहरूमध्ये ३७.५ प्रतिशतले घर परिवारलाई सघाउने गरेको, १० प्रतिशतले गोठालो जाने, गाईवस्तु र बाख्रा चराउने तथा तिनीहरूको हेरचाह गर्ने गरेको पाइयो । १७.५ प्रतिशतले घरभन्दा बाहिर जागिर गर्न गएको पाइयो भने ३५ प्रतिशत बालबालिकाहरू आमाबाबुसँग तथा एक्लै पनि अध्ययन क्षेत्रबाट नजिकै रहेको स्थानमा गएर सिमेन्ट, फलामका छड लगायत सामग्रीहरू लोड अनलोड गर्ने तथा घरहरूमा ढलान गर्ने तथा गारो लगाउने काममा श्रमिकको रूपमा संलग्न हुँदै आएको पाइयो ।

### ४.६.२ सांस्कृतिक कारणले शिक्षामा पारेको प्रभाव

कुमालहरू जन्म, छैटी, न्वारन, ब्रतवन्ध, विवाहजस्ता कार्यका साथै चण्डी पूजा, माघे संक्रान्ति, नागनागिनी पूजा, कुलायन पूजा, जस्ता अनेकौं चाडपर्वहरू धुमधामका साथ मनाउने गर्दछन् । आमन्त्रित पाहुनाहरूलाई विभिन्न प्रकारका खानाका साथै अनिवार्य रूपमा रक्सी, जाँड, खुवाउनुपर्दछ । यस्ता कार्यले उनीहरूमा देखासिकी बढ्दै गएको र आफ्नो आर्थिक स्रोत नभए तापनि ऋण लिएर यस्ता कार्यक्रम आयोजना गर्ने गरेको देखियो । बजारबाट किनमेल गर्न तथा सामग्रीहरू जुटाउन बालबालिकाहरू परिचालन गरिन्छ । जाँड रक्सी खाएर अन्य मानिसहरू नाचगान गर्ने तथा कहिलेकाँही उनीहरू बीच झैझगडा पर्ने कारण बालबालिकाले त्यसैको देखासिकी गर्दै लुकीछिपी मदिरा सेवन गर्ने, जुवातास खेल्ने कार्यमा रमाउने गर्दछन् । जसको कारण उनीहरू विद्यालयको पढाइबारे जिम्मेवार हुदैनन भन्ने अनुमान गरिन्छ । परिवारका सदस्यको कमजोरीका कारण उनीहरू खराब लतमा लागिरहेका हुन्छन् ।

समाजमा मनाइने यसता चाडपर्व तथा प्रचलनले शिक्षा प्राप्तिमा के कस्तो असर गर्दछ भन्ने सम्बन्धमा छनोट गरिएका उत्तरदाताको प्रतिक्रिया तलको तालिकामा देखाइएको छ ।

**तालिका १४**

**संस्कृतिको कारण शिक्षामा पारेको प्रभाव**

| संस्कृतिको प्रभाव | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षामा असर गर्दछ | ५० | ६२.५ |
| खासै असर गर्दैन | ३० | ३७.५ |
| जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

सांस्कृतिक कारणले कुमालहरूको शिक्षामा असर गरेको देखिन्छ । छनोट गरिएका ६२.५ प्रतिशतले सांस्कृतिक कारणले शिक्षामा असर गरेको बताए भने ३७.५ प्रतिशतले सांस्कृतिक कारणले खासै शिक्षामा असर नगर्ने धारणा राखेको पाइयो । चाडपर्व मनाउनको लागि ठूलो मात्रामा सामग्री आवश्यक पर्दछ । अभिभावकहरूले आफ्ना छोराछोरीलाई चाडपर्वका दिन आज विद्यालय जान भ्याउँदैनन । बजारबाट सामान ल्याउनुपर्दछ भन्ने गरेको पाइन्छ । चाडपर्वका दिन बालबालिका घरमा रमाइलो गरेर बस्ने गर्दछन् । अर्को कारक तत्व कुमाल समुदायमा घरमा बनाएको जाँड रक्सिको सेवनलाई सहज रूपमा स्वीकार गर्दछन् । प्रत्येक चाडपर्व तथा धार्मिक कार्यमा जाँडरक्सी पहिलो आवश्यकताको रूपमा आउने गर्दछ । अभिभावक विहानै काममा जानुपर्ने भएकोले स साना बच्चाहरूलाई पनि थोरै रक्सी खुवाएर घरमै छोडेर जाने गरेको पाइन्छ । त्यस समुदायका बालबालिकाले चाडपर्वमा खुशीयालीको रूपमा दिइने रक्सी आफूभन्दा ठूला व्यक्तिको नक्कल गरेर खाने र नसामा मस्तसँग दिन बिताउने बताउँछन् । जसको कारण उनीहरूका लागि पढाई तथा भविष्यको चिन्ता गौण हुन जान्छ ।

पूजाआजा चाडपर्व तथा धार्मिक कार्यका लागि सामान्य खानपिन भन्दा विशेष खानपिन तथा बढी मात्रामा सामग्रीको आवश्यकता पर्दछ । चाडपर्वको लागि आवश्यक सामग्रीहरू के कसरी जुटाउनु हुन्छ भन्ने प्रश्नको उत्तर छनोट गरिएका मध्ये ३० प्रतिशतले आफ्नै स्रोतबाट, २५ प्रतिशतले सापटी लिएर जुटाउने तथा ४५ प्रतिशतले चाडपर्व मनाउनको लागि आवश्यक सामग्री जुटाउन ज्यालादारी गरेर आएको पैसाबाट खरीद गर्ने

गरेको बताए । यसरी आफूसँग पर्याप्त आर्थिक स्रोत नहुँदा पनि समाजलाई देखाउनकै लागि भएपनि दैनिक ज्यालादारीबाट आएको पैसा खर्च गरेर चाडपर्व मनाउने गरेको पाइयो । दैनिक ज्यालादारीमा जति संख्या बढी भयो त्यति नै पैसाबढी आउने भएकोले अभिभावकले छोराछोरीलाई आफूसँगै काममा लैजाने गरेको पाइयो । जसको कारण बालबालिकाहरू नियमित रूपमा विद्यलाय जान पाउँदैनन् । नियमित हुन नसकेपछि कक्षा छोड्ने गर्दछन् ।

भाईबहिनीको हेरचाह गर्ने जिम्मेवारी छोराछोरीलाई दिइन्छ । उनीहरूलाई घरको कामको अत्याधिक बोझको कारणले अध्ययन कार्यमा मन नलाग्ने तथा विद्यालयमा गए पनि पढाएको कुरा दिमागमा राख्न नसक्ने स्थितिको कारण उनीहरू माथिल्ला तहको पढाइ नै छोड्न बाध्य हुन्छन् । यसको मुख्य कारण घरको कामको बोझ र अभिभावकको शिक्षाप्राप्ति प्रतिको लापरबाहीपनलाई लिन सकिन्छ ।

### ४.६.३ आर्थिक अवस्थाले शिक्षामा पारेको प्रभाव

राम्रो आर्थिक स्तर भएका परिवारका बालबालिकाहरूको शारीरिक, मानसिक आवश्यकता परिपूर्ति सहज तरिकाबाट हुने गर्दछ भने कमजोर आर्थिक अवस्था भएका परिवारका बालबालिकाहरू यसको विपरित हुन्छन् । कुमालहरूसँग पर्याप्त मात्रामा खेतीयोग्य जमिनको अभाव रहेको छ भने अर्कोतर्फ उनीहरूको आर्थिक अवस्था पनि कमजोर छ । जसको कारण उनीहरूले आफ्नो सम्पूर्ण श्रम तथा लगानी विहान बेलुकाको छाक टार्नको लागि आवश्यक पर्ने खाद्यान्नको लागि जोहो गर्नमा नै खर्च हुने गरेको पाइन्छ ।

सरकारले माध्यमिक तहसम्म शिक्षा निःशुल्क गरेको छ । यद्यपि यस्तो प्रयास मात्र पर्याप्त छैन । उनीहरूका लागि दैनिक रूपमा आवश्यक पर्ने सामानहरू कपी, कलम, खाजा, ड्रेस, जुत्ता जस्ता सामग्रीको लागि आर्थिक स्रोत आवश्यक पर्दछ । यस बाहेक न्यून आर्थिक स्रोत भएका परिवारका बालबालिकाहरूको लागि उच्च शिक्षा कल्पना जस्तै भएको छ । जसको ज्वलन्त उदाहरणको रूपमा उच्च शिक्षामा अध्ययनरत कुमालहरूको प्रतिशत छात्रको ३.६४ र छात्राको ५.६८ मात्र हुनुलाई लिन सकिन्छ । मानिसलाई सबैभन्दा पहिले आधारभूत आवश्यकता अन्तर्गत खाद्यान्नका महत्वपूर्ण भूमिका हुन्छ । यदि पर्याप्त मात्रामा खाद्यान्नजन्य पदार्थको परिपूर्ति भएमा तिनीहरू अन्य क्षेत्रमा लागनी गर्न र ध्यान दिन तयार हुने गर्दछन् । त्यसको विपरीत परिस्थिति भएमा उनीहरूको मुख्य ध्यान आर्थिक आर्जन गरेर

दुई छाक खानको आपूर्तिमा हुने गर्दछ । अध्यनयका लागि छानिएका कुमालहरूको मासिक आम्दानी निम्न तालिकामा देखाइएको छ ।

**तालिका १५**

**कुमालहरूको मासिक आम्दानी विवरण**

| मासिक आम्दानी | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| ४ हजारसम्म | २६ | ३२.५ |
| ४-१० हजार सम्म | ४० | ५० |
| १० हजारभन्दा माथि | १४ | १७.५ |
| जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित तालिकामा देखाइए अनुसार छनोट गरिएका ३२.५ प्रतिशत कुमाल परिवारको मासिक आमदानी ४ हाजरसम्म मात्र छ । त्यस्तै ५० प्रतिशत कुमाल परिवारको मासिक आम्दानी ४-१० हजारसम्म मात्र रहेको पाइयो । त्यसरी नै केवल १७.५ प्रतिशत परिवारको मासक आम्दानी १० हजारभन्दा माथि रहेको पाइयो ।

परिवारको आर्थिक अवस्थाले शिक्षा प्राप्तिमा असर पार्दछ भन्ने प्रश्नमा प्रतिक्रियादाताले व्यक्ति गरेको धारणालाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका १६**

**आर्थिक अवस्थाले शिक्षामा पार्ने प्रभावको अवस्था**

| आर्थिक अवस्थाको प्रभाव | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| प्रभाव पार्दछ | ५२ | ६५ |
| प्रभाव पार्दैन | २८ | ३५ |
| जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

अध्ययनका लागि छनोट गरिएको मध्ये ६५ प्रतिशतले आर्थिक अवस्थाले बालबालिकाको शिक्षामा प्रभाव पार्ने कुरा बताए भने ३५ प्रतिशतले आर्थिक अवस्थाले शिक्षाप्राप्तीमा प्रभाव नपार्ने कुरा उल्लेख गरेका पाइयो । आर्थिक अवस्था कमाजेर भएमा अरुबाट ऋण लिएर घरव्यवहार चालउनु पर्ने भएकोले ऋणि भइने बालबालिकाका लागि आवश्यक पर्ने स्कुल ड्रेस, कपि कलम भनेका वेलामा किन्न नसक्ने, Tuition पढाउन नसकिने, अतिरिक्त क्रियाकलापमा भाग लिनको लागि कठिनाई पर्ने गरेको धारणा अधिकांश उत्तरदाताले राखको पाइयो ।

उनीहरूको अनुसार माध्यमिक तहसम्मको शिक्षाका लागि धेरै व्ययभार नपरेतापनि आर्थिक स्थिति कमजोर भएका परिवारले उच्च शिक्षाको प्राप्तिको लागि कल्पना पनि गर्न नसकिने बताए । उच्च शिक्षा महङ्गो हुने र त्यसको लागि शहर बजारतिर कोठा लिएर वस्नु पर्ने भएकाले उक्त शिक्षा पहुँचभन्दा बाहिर रहेको धारण राखे । त्यस्तै कम आर्थिक स्रोत भएमा प्राविधिक शिक्षा पढ्न नसक्ने तथा साधारणा शिक्षाबाट रोजगारीको अवसर नभएकोले पनि शिक्षा प्राप्तीमा आर्थिक स्रोतले मुख्य रूपमा प्रभाव पारेको देखिन्छ ।

अध्ययन क्षेत्रका कुमालहरूको कमजोर आर्थिक तथा अभिभावकको रोजगारीको कमीका कारण अधिकांश कुमाल परिवारहरूलाई बालबालिकाले गर्ने आर्थिक सहयोग विना जीवन धान्ने नसक्ने अवस्था रहेको पाइन्छ । पढाइबाट हुने दिर्घकालिन फाइदा मूल्याङ्कन नगर्नु तथा दैनिक ज्यालाबाट आउने ४-५ सयरूपैयालाई अत्याधिक महत्व दिइने भएकाले अभिभावकले पनि बालबालिकालाई आर्थिक आर्जन कार्यको लागि सजिलै स्वीकृति दिने

गर्दछन । बालबालिकाहरू अरुले नयाँ लुगा लगाएको, मोवाइल वोकेको देखेर आफू पनि त्यस्तै इच्छासहित आर्थिक आर्जन कार्यमा लाग्ने गरेको पाइयो ।

अध्ययन क्षेत्रका कुमालहरूकोमुख्य आर्जनको स्रोत भनेको घर बनाउने कार्य गर्ने, पसलमा काम गर्ने, सिमेन्ट, बालुवा, इट्टा, खाद्यसामग्रीहरूको लोड अनलोड गर्ने, ज्यालादारीमा खेतवारीमा काम गरी दैनिक पैसा कमाउनु हो । यस्ता आीर्थक आर्जन कार्यमा हुने उनीहरूको सहभागीताले कुमाल बालबालिकाहरू नियमित विद्यलाय जान पाउदैनन् । जसको फलस्वरूपउनीहरू विद्यालयको माथिल्लो तहमा भर्ना नै हुँदैनन् भने भर्ना भइहाले पनि बिचैमा तह पूरा नगरी कक्षा छोड्न बाध्य हुन्छन् । विद्यालय छोड्नुको मूख्य कारण घरायसी आर्थिक अवस्थालाई लिन सकिन्छ ।

छनोट गरिएका परिवारमध्ये २० प्रतिशतले १-२ रोपनी, ३० प्रतिशतको ३-४ रोपनी जमिन छ । आफ्नो खेतवारीबाट उत्पादन भएको अन्न मध्ये ३० प्रतिशत घरपरिवारलाई १-४ महिना मात्र खान पुग्ने गरेको देखिन्छ । बाँकि समयको लागि आवश्यक पर्ने खाद्यान्नको जोहो ज्यालादारी, अधिया आदि जस्ता स्ोतबाट परिपूति गर्नुपर्ने देखिन्छ । आम्दानीको ठूलो हिस्सा खाद्यान्नमा खर्च गर्नुपर्ने, गरिब परिवारले ले छोरा छोरीको लागि आवश्यक स्टेशनरी, किताब, कपि, ड्रेस जस्ता सामग्री खरिद गर्न नसक्ने भएकोले उनीहरु विद्यालयबाट टाढा हुन बाध्य हुन्छन् ।, यसको ज्वलन्त उदाहरणको रूपमा रिना कुमाललाई लिन सकिन्छ । जसले एस.एल.सी. पछिको शिक्षा आथिृक अभावका कारणले निरन्तरता दिन नसक्दा १ वर्ष घरमा नै बिताउनु पऱ्यो भने अर्को वर्ष विद्यालयमा चिठी मार्फत आफ्नो अवस्था अवगत गराएर मात्र पढ्न पाएको दुखेसो पोखेकी थिइन् ।

## ४.७ अध्ययनबाट प्राप्त प्राप्तिहरू

यस अध्ययनका लागि छनोट गरिएका उत्तरदातामध्ये ३० प्रतिशत कुमालहरू निरक्षर रहेको पाइयो । प्राथमिक तहमा कुमाल बालबालिकाहरूको भर्नादर उत्साहजक रहेतापनि तह बढ्दै जाँदा उनीहरुको भर्नादर घट्दै गएको देखिन्छ । प्राथमिक तहमा भर्ना भएका कुमाल बालबालिका मध्ये माध्यमिक तहमा केवल ३ प्रतिशत मात्र भर्ना भएको पाइयो । उच्च मा.वि. मा १४ र स्नातक तहमा ६ जना कुमाल विद्यार्थीहरू मात्र अध्ययनरत रहेको पाइयो । शिक्षा सम्बन्धी चेतनाको कमीका कारण अभिभावकहरू विद्यालय शिक्षा प्रति आकर्षित भएको पाइएन । साथै उक्त समाजमा माध्यमकि

तहसम्मकोशिक्षा प्राप्त गरेका व्यक्तिले सरकारी तथा गैर सरकारी क्षेत्रबाट प्राप्त हुने अवसर प्राप्त गर्न नसकेकोले पढेर के हुन्छ भन्ने मान्यता रहेको पाइयो ।

कुमाल समुदायमा विद्यालय छाड्ने दर उच्च रहेको पाइयो । नि.मा.वि. तहमा ४५.४५ प्रतिशत छात्र र ४४.४४ प्रतिशत छात्रा तथा मा.वि. तहमा ६.०६ प्रतिशत छात्र र २७.७७ प्रतिशत छात्राले विद्यालय छोडेको पाइयो । विद्यालय शिक्षा निःशुल्क भए तापनि घरको कमजोर आर्थिक अवस्थाका कारण अभिभावकसँगै आर्थिक कार्यमा सरिक हुनु, दिगो आम्दानीको स्रोत नहुनु, आफ्नो खेतवारबिाट प्राप्त अन्नले वर्षभरी खान नपुग्नु, दुईछाक खानकै लागि दैनिक ज्यालादारी गनुपर्ने, घरमा भाइवहिनीको हेरचाह गर्नुपर्ने, गाईवस्तुको स्याहार गर्नुपर्ने जस्ता कारण कुमाल बालबालिकाहरू विद्यलाय छोड्ने गरेको पाइयो । त्यस्तै देखासिकी पनि विद्यालय छोड्ने अर्को कारणको रूपमा रहेको पाइयो । गाउँका अन्य साथीभाइले नयाँ नयाँ सामग्रीहरू प्रयोग गरेको देख्दा विद्यालयमा अध्ययनरत बालबालिकाहरूमा पनि त्यस्ता वस्तु प्रयोग गर्ने चाहनाको कारणले गर्दा उनीहरू स्वयं विद्यलाय छोडेर आर्थिक आर्जन कार्यमा लाग्ने गरेको पाइयो । विवाह विद्यलाय छोड्ने अर्को कारणको रूपमा रहेको पाइन्छ । माध्यमिक तहमा पढ्दै गर्दा विवाह गरिदिने तथा विवाहपछि नपढे पनि हुन्छ भन्ने मान्यताले गर्दा उनीहरू विद्यालय नगएर अन्य काममा लाग्ने गरेको पाइयो ।

# अध्याय पाँच

# सारांश र निष्कर्ष

यस अध्ययनको सारांश र निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छः

## ५.१ सारांश

कुमाल नेपालको आदिवासी जनजाति हो । यस अध्ययनको लागि कुमालहरूको शैक्षिक अवस्था शीर्षक छनोट गरिएको थियो । धादिङ जिल्लाको सल्यानटार गा.वि.स. वडा नं. १ र ५ मा केन्द्रित गरी सम्पन्न गरिएको अध्ययनबाट कुमालहरूको वास्तविक शैक्षिक अवस्थाको वारेमा यथार्थ चित्रण गरिएको छ । अध्ययन शैक्षिक अवस्थामा केन्द्रित रहेता पनि शिक्षालाई विभिन्न चरहरूले प्रभाव पार्दछ । त्यसैले शिक्षाको अवस्था र यसलाई प्रभाव पार्ने तत्वहरूको वारेमा पनि खोज अनुसनधान गरिएको थियो । अध्ययन क्षेत्रका कुमालहरूको आर्थिक अवस्था कमजोर छ । तिनीहरूले दुई छाक खानको लाीग भए पनि स परिवार श्रम गर्न वाध्य छन् । छनोट गरिएका कुमाल परिवारहरूमधये २० प्रतिशतको १-२ रोपनी, ३० प्रतिशतको ३-४ रोपनी मात्र जमिन छ । जसबाट उत्पादन भएको अन्नले ३० प्रतिशतलाई १-४ महिनासम्म खान पुग्दछ भने ५० प्रतिशतलाई ४-८ महिनासम्म मात्र खान पुग्दछ । केवल २० प्रतिशतलाई मात्र १२ महिना खान पुग्दछ । खाधन्नको अभावले उनीहरू आफूलाई असुरक्षित महसुस गर्ने कारण शिक्षा क्षेत्रलाई तिनीहरूले महत्व दिएको पाइएन । तिनीहरूको पहिलो आवश्यकता भनेको दुई छाक खानाको परिपूर्ति गर्नु रहेको पाइयो ।

अध्ययन क्षेत्रमा छनोट गरिएका मध्ये ३० प्रतिशत मानिसहरू अझै निरक्षर रहेका छन् । अभिभावकहरूको शिक्षाको कमीका कारण तिनीहरूका बालबालिकामा असर परेको पाइयो । कुमालहरूको प्राथमिक तहमा शिक्षामा सहभागिता सन्तोषजनक रहेता पनि तह बढ्दै जाँदा तिनीहरूको विद्यालय छाड्ने दर बढ्दै गएको पाइयो । प्राथमिक तहमा भर्ना भएका मध्ये केबल ३ प्रतिशत जतिले मात्र माध्यमिक तह पार गरेको पाइन्छ भने उच्च शिक्षामा तिनीहरूको सहभागिता ज्यादै न्यून रहेको छ । परम्परागत चाडपर्व बढी मनाइने तथा त्यसैमा बढी रमाउने उक्त समाजमा देखासिकीको प्रभाव ठूलो मात्रामा परेको देखिन्छ । त्यसैले तिनीहरू दीर्घकालिन लाभतिर सोच्दै नसोची तत्कालिन लाभलाई महत्व दिई विद्यालयबाट टाढा रहने गरेका छन् । अभिभावकहरू दिनभरी काममा जाने तथा बालबालिकाहरू घरमै बेवारिस अवस्थामा हुने हुँदा उनीहरू पढाईप्रति ध्यान नै दिदैनन् ।

सरकारी तथा गैह्र सरकारी क्षेत्रबकाट संचालन गरिएका शिक्षासँग सम्बन्धित कार्यक्रमको प्रभावकारिता उक्त समुदायमा खासै देखिएन । शिक्षा प्राप्तिको क्रममा कुमालहरलाई आर्थिक कठिनाई, बालबालिकाको लागि आवश्यक पर्ने शैक्षिक सामग्री समयमा नै उपलब्ध गराउन नसक्नु तथा काम नगरी खान नपाउने. अवस्था भएकाले विद्यालय नियमित जान नपाउने र अन्तत विद्यलायबाट नै टाढा हुनुपर्ने जस्ता समस्याहरू भोग्दै आएको पाइन्छ । कुमाल बालबालिकाको शिक्षामा उनीहरूको घर परिवारको कमजोर आर्थिक अवस्थाले प्रभाव पारेको देखिन्छ ।

## ५.२ निष्कर्ष

कुमालहरुको शैक्षिक अवस्थासँग सम्बन्धित अध्ययनको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

सामाजिक, सांस्कृतिक आर्थिक तत्वहरू सबै समाजमा अस्तृत्वमा रहेका हुन्छन् । कुमालहरूको शैक्षिक अवस्थासँग सम्बन्धित यस अध्ययनमा पनि यस्ता तत्वहरूको प्रमुख भुमिका रहेको पाइयो । नेपाल सरकारले सबै नेपालीहरूलाई साक्षर बनाउने लक्ष्यका साथ विभिन्न बजेटहरूघोषणा गरेता पनि यस अध्ययनका लागि छनोट गरिएका कुमालहरूमध्ये अझै ३० प्रतिशत निरक्षर रहेका छन् । आर्थिक अवस्था कमजोर रहेका कुमालहरूले दैनिक गुजाराका लागि दैनिक श्रम गर्नुपर्ने वाध्यता रहेको छ । आफ्नो खेतवारीबाट उत्पादन भएको अन्नले बर्षभरि खान नपुग्ने कारण खाद्यान्नको जोहो गर्नको लागि उक्त क्षेत्रका मानिसहरू ज्याला मजदुरी र अरुको खेतवारीमा काम गरेर परिवारका लागि खावश्यक खाद्यान्न आपूर्ति गर्ने गरेको पाइयो । संस्कृतिलाई अत्यधिक महत्व दिने र आफ्नो क्षमताभन्दा माथि उठेर विभिन्न चाडपर्व बनाउने कारण उनीहरूको ऋण भार थपिदै जानुका साथै बिहान बेलुकाको खानाको लागि पनि समस्या आउने गरेको छ । यस्तो अवस्थामा उनीहरूलाई शिक्षाको भन्दा दैनिक आवश्यकता महत्वपूर्ण हुने गरेको पाइयो । कुमालहरूले सामाजिक सांस्कृतिक रूपमा मनाउने चाडपर्वमा आफ्नो वास्तविक स्थिति आँकलन गर्न नसकेको कारण त्यसको प्रत्यक्ष प्रभाव उनीहरूको शिक्षा प्राप्तीमा देखिने गरेको पाइयो । दैनिक ज्यालादारी गरेर प्राप्त भएको आम्दानिबाट सांस्कृतिक कार्यहरू धुमधामसँग मनाउने गरेको कारण त्यसको परिपूर्तिका लागि मात्र बढि मात्रामा ध्यान दिने तथा दीर्घकालसम्म धैर्यता नगरी तत्कालिन लाभलाई मात्र केन्द्रित गर्ने गरेकाले शिक्षा क्षेत्रतिर तिनीहरूको चासो रहेको पाइएन ।

प्राथमिक तहमा कुमाल समुदायका बालबालिकाहरूको राम्रो उपस्थिति रहेता पनि उमेर र तह बढ्दै जाँदा उनीहरूको विद्यालय छाड्ने दरमा पनि वृद्धि भएको पाइन्छ । प्राथमिक तह पास गरेका ३ प्रतिशतले पनि माध्यमिक तह पूरा गर्ने गरेको देखिएन । यो संख्या उच्च तहमा झन न्युन रहेको छ । उच्च शिक्षामा जम्मा १.४८ प्रतिशत कुमाल विद्यार्थीहरू अध्ययनरत रहेको पाइन्छ । माध्यमिक तहसम्म शिक्षा निःशुल्क रहेको छ । उनीहरूले कुनै पनि प्रकारको शुल्क तिर्नु पर्दैन तर घरायसि आर्थिक समस्याको कारण उनीहरूले विद्यालय छाड्नुपर्ने अवस्था रहेको छ । परिवार संख्या बढ्दै जाँदा उनीहरूका आवश्यकता एक्लै अभिभावकले मात्र पूरा गर्न नसक्ने कारण छोराछोरी पनि कामको खोजिमा जानुपरेकोले कुमाल बालबालिकाहरू नियमित विद्यलाय जान पाउादैनन र अन्तत विद्यालय छाड्ने गरेको पाइयो ।

कतिपय अभिभावकले शिक्षकलाई टिफिन समयपछि गोठालो जान र पानी थाप्नका लागि छोडिदिनु होला समेत भन्ने गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने विद्यालयको पढाइ उनीहरूका लागि सहायक मात्र हो । प्राथमिक कुरा अरु नै हो जस्तो देखिन्छ । शिक्षा प्राप्त गर्दा र नगर्दा हुने फाइदा वेफाइदाका बारेमा जानकार रहेको भएतापनि लामो समयसम्म धैर्य गर्न सक्ने क्षमताको कमि रहेको पाइयो । माध्यमिक तहमा अध्ययन गरिरहेका कुमाल विद्यार्थीहरू मध्ये ६.०६ प्रतिशत छात्र र २७.७७ प्रतिशत छात्राले तह पूरा नगरी विद्यालय छाडेको पाइयो । छोराछोरीको उमेर बढ्दै जाँदा उनीहरूबाट अभिभावकले आर्थिक आर्जनको अपेक्षा गर्ने, गाउँका अन्य व्यक्तिसँग तुलना गर्ने तथा आफूसँगै काममा संलग्न गराउने कारण बालबालिकाहरूले विद्यालय छोड्ने गरेका छन् । त्यसैगरी अरुको देखासिकी पनि अर्को समस्या रहेको पाइयो । विद्यालयमा अध्ययनरत बालबालिकाहरू गाउँका दाजुभाईले राम्रो लुगा लगाएको, मोवाइल बोकेको, घरमा मिठो कुरा खाएको तथा कार्यक्षत्रेका अनुभवहरूबाट आकर्षित भई आफू पनि ती सामग्रीहरू उपयोग गर्न चाहनाका कारण विद्यालय छाडेर कामको खोजीमा जाने गरेका छन् भने महिलाहरू विवाहपश्चात अन्तै जानुपर्ने तथा विवाह पछि नपढे पनि हुन्छ । घरव्यवहार धान्नुपर्छ भन्ने मान्यता तथा घर परिवारको असहयोगका कारण विद्यालय छोड्ने गरेको पाइयो । साधारण शिक्षाप्रति उनीहरूको आकर्षण रहेको पाइएन । माध्यमिक तह पास गरेका उक्त समुदायका व्यक्तिले खास सरकारी रोजगारी प्राप्त गर्न नसकेको तथा कार्य क्षेत्रमा आवश्यक पर्ने ज्ञान र सिपमा समेत दक्षता हाँसिल गर्दा नसकेकोले भारी बोक्न, परम्परागत कृषि कार्य गर्न तथा दैनिक

ज्यालादारी गर्नको लागि किन ८-१० वर्ष पढ्नु पऱ्यो भन्ने मान्यता रहेको पाइन्छ । कुमाल समुदायका विद्यार्थीहरू कक्षा ९-१० देखि विद्यालय छोड्ने भएकोले सरकारी क्षेत्रबाट माध्यमिक तहदेखि नै आवश्यक पर्ने सिप, योग्यता, प्रदान गर्ने र पढेपछि सहि र गुणस्तरीय तरिकाबाट काममा प्रस्तुतिकरण गर्न सकिन्छ भन्ने सुनिश्चितता दिलाउने प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको व्यवस्था गरी उनीहरूको जीवकोपार्जनलाई सहज बनाउन सहयोग गर्ने प्रकृतिको शिक्षाको आवश्यकता रहेको देखिन्छ ।

## सन्दर्भ सामग्रीहरु


अर्याल, भोजेन्द्र, (२०६०)।नेपाली समाज र संस्कृतिको विश्लेषण (मानवशास्त्रीय तथा समाजशास्त्रीय विवेचना) ।  काठमाडैः ज्ञानकुन्ज प्रकाशन ।

आचार्य, बलराम, (२०६४)।अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन । काठमाडौं : नेसनल बुक सेन्टर ।

कान्तिपुर दैनिक, २०७० चैत्र १३ गते ।

कान्तिपुर दैनिक, २०७१ आश्विन १०गते ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८)। काठमाडौं,  नेपाल ।

गोरखापत्र दैनिक २०६६।४।२७ गते ।

गोरखा पत्र दैनिक २०६६।६।२० गते ।

गुरुङ, ओम (२०७०) । सकारात्मक नीतिका लागि जनजातिलाई पुनः सूचिकृत गर्दा पर्नेप्रभाव । “शिक्षक मासिक” (श्रावण अंक) ज्ञान विज्ञान सहकारी संस्था लिमिटेड पूर्णचण्डी मार्ग जावलाखेल, ललितपुर ।

गिरी, नारायण, (२०५९) । कुमाल जातिको सामाजिक, सांस्कृतिक एवम् आर्थिक स्थिति ।अप्रकाशित एम.ए. शोधपत्र त्रि.वि.वि. कीर्तिपुर ।

गौतम, कुलचन्द्र (२०७०) । सिमान्तकृत समुदायकालागि सकारात्मक पहल (कक्षामा गुणस्तरीयतासम्मेलन एउटा सत्प्रयास)। शिक्षक मासिक (श्रावण अंक) ज्ञान विज्ञान सहकारी संस्था लि. पूर्णचण्डी मार्ग जावलाखेल, ललितपुर ।

ढकाल, दिपक (२०६७) । कुमाल समुदायको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था ।अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरा ।

दाहाल, डिल्लीराम र रिमाल, मदनकुमार (२०५६)। नेपालका केही पिछडिएकाजातिहरूको सामाजिक आर्थिक अवस्था । नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रि.वि.वि. कीर्तिपुर, काठमाडौं ।

नेपालको अन्तरिक संविधान, (२०६३)। लेखक ।

पौडेल, जमुना कुमारी (२००२)। कुमालहरूको शैक्षिक अवस्था (लेखनाथ नगरपालिकाको अवसथा अध्ययन)। अप्रकाशित एम.ए. शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग कीर्तिपुर काठमाडौं ।

पौडेल, रुक्मिणी (२०६५)। तनहूँका कुमाल जाति र कुमाल भाषाको अध्ययन । स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र, समाजशास्त्र केन्द्रीय विभाग त्रि.वि.वि. कीर्तिपुर ।

राष्ट्रिय जनगणना २०६८ संक्षिप्त नतिजा ।

साक्षरता विशेषाङ्क , (२०६९)। अनौपचारिक शिक्षा केन्द्र, भक्तपुर लेखक ।

साक्षरता विशेषाङ्क, (२०७०) अनौपचारिक शिक्षा केन्द्र, भक्तपुर लेखक ।

सिग्देल, नारायण कैलाश, (२०११)। कुमाल समुदायको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था अप्रकाशित एम.ए. शोधपत्र समाजशास्त्र विभाग पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरा ।

शर्मा, चुडामणि(२०६७)। शाखा अधिकृत प्रारम्भिक परीक्षा दिशाबोध पुतलीसडक प्रशान्ति पुस्तक भण्डार, काठमडौं ।

शर्मा, दिवाकर, (२०६९)। शिक्षा शास्त्र र नेपालमा शिक्षा । काठमाडौं, प्रज्ञान प्रकाशन ।

शिक्षा विभाग (२०६४/६५) ।अध्ययनहरूको प्रतिवेदन लेखक ।

शैक्षिक सूचना (२०६९), नेपाल सरकार शिक्षा मन्त्रालय ।

Arjunan, N.K. (2010), Philoshophical Foundtions of Education. Palakked: Yuga Publications.

Flash Report (2009-10), Ministry of Education department of educaditon, Sanothimi, Bhaktapur, wirter.

Giddens, A. (1991), Introduction to sociology,New York: Norton and Company.

Koirala, Chapala (2003), Cultural Determinants of Girls Man unpublished M. Phill Deterioration, Submitted to K.U.

http:/ Catalog: Flat World Knowledge. Com

http:/www.Answer.com

# अनुसूची क

## कुमालको शैक्षिक अवस्था

विद्यालय सर्वेक्षण फाराम (School Survey Form)

विद्यालयको नाम :

तह :

१. विद्यालयमा भर्ना भएका कुमाल बालबालिकाको संख्या [ ]

२. विद्यालयमा भर्ना हुने उमेर [ ] वर्ष

३. प्राथमिक विद्यालयमा भर्ना भएका कुमाल जाती तथा अन्य जातिका बालबालिकाको विवरण

| कक्षा | जम्मा विद्यार्थी | कुमाल विद्यार्थी | | अन्य जातीका विद्यार्थी | |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

४. निम्न माध्यमिक र माध्यमिक विद्यालयमा अध्ययनरत कुमाल विद्यार्थी र अन्य जातिका विद्यार्थीको विवरण ।

| कक्षा | जम्मा विद्यार्थी | कुमाल विद्यार्थी | | अन्य जातीका विद्यार्थी | |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

५. तहपूरा नगरी कक्षा छोड्ने कुमाल विद्यार्थीहरुको विवरण

| शिक्षाको तह | जम्मा विद्यार्थी | कक्षा छोड्ने विद्यार्थीको संख्या | |
|---|---|---|---|
| | | छात्र | छात्रा |
| प्राथमिक (१-५) | | | |
| नि.मा.वि.(६-८) | | | |
| मा.वि. (९-१०) | | | |
| उ.मा.वि. (११-१२) | | | |

६. जनजातीका लागि सरकारले प्रदान गर्ने विभिन्न प्रकृतिका प्रोत्साहन मूलक कार्यक्रमहरू के के छन् ?

________________________________________

________________________________________

७. कुमाल जातीका बालबालिकाको लागि विद्यालयले गरेका कार्यक्रम तथा प्रयत्नहरु

..........................................................................................

..........................................................................................

# कुमालहरुको शैक्षिक अवस्थासंग सम्बन्धित प्रश्नावली

१. **सामान्य जानकारीहरु (General Informations)**

उत्तरदाताको नाम : मिति :

उमेर : लिङ्ग :

शैक्षिक योग्यता : बैवाहिक स्थिति :

पेशा : धर्म :

२. **पारिवारिक संचरना :**

क) एकल ☐ ख) संयुक्त ☐ ग) बृहत ☐

३. **पारिवारिक सदस्यहरुको उमेर समूह संख्या, शिक्षा तथा पेशा**

| क.स. | उमेर समूह | संख्या | लिङ्ग | | शिक्षा | पेशा | |
|---|---|---|---|---|---|---|---|
| | | | म | पु | | मुख्य | सहायक |
| 1 | 3-5 | | | | | | |
| 2 | 6-11 | | | | | | |
| 3 | 12-15 | | | | | | |
| 4 | 16-20 | | | | | | |
| 5 | 21-25 | | | | | | |
| 6 | 26-30 | | | | | | |
| 7 | 31-35 | | | | | | |
| 8 | 36-40 | | | | | | |
| 9 | 40 Above | | | | | | |

४. **सामाजिक, आर्थिक र सांस्कृतिक पक्षसँग सम्बन्धित सूचनाहरु :**

१) तपाईंको पारिवारको मुख्य पेशा के हो ?

क) कृषि ☐ ख) व्यापार ☐ ग) नोकरी ☐ घ) अन्य ☐

२) तपाई कुनै सामाजिक क्रियाकलापमा संलग्न हुनु हुन्छ ?

क) छु ☐ ख) छैन ☐

यदि हुनु हुन्छ भने के कस्ता संघ संस्थामा संलग्न हुनु हुन्छ ?

क) महिला समिति ☐ ख) विद्यालय व्यवस्थापन ☐

समितिमा ☐

ग) महिला स्वास्थ्य कार्यकर्ता घ) अन्य ☐

३)  तपाईंसंग जम्मा कति जमिन छ ?

क)  १ रोपनी ☐   ख)  २ रोपनी ☐   ग)  ३ रोपनी ☐

घ) ४ रोपनी ☐   ङ)  ५ रोपनी वा सोभन्दा माथि ☐

४)  कृषि कार्यमा कस्को सहभागिता बढी छ ?

क)  महिला ☐   ख)  पुरुष ☐   ग) महिला पुरुष दुबै ☐

घ)  सपरिवार ☐

५)  तपाईंले पशु पालन गर्नु भएको छ ?

क)  छ ☐   ख)  छैन ☐

यदि छ, भने के के पशुहरुपाल्नु भएको छ ?

..........................................................

६)  पशुहरुको बेचबिखन गर्ने कार्यमा कसले निर्णय गर्दछ ?

क)  श्रीमान ☐   ख)श्रीमती ☐   ग) दुबैले ☐

७)  कृषि उत्पादनले तपाईंको परिवारलाई कति महिना सम्म खान पुग्छ ?

क)  १-४ महिना ☐   ख)  ४- ८ महिना ☐   ग)  ८-१२ ☐

महिना

८)  तपाईंका आम्दानीका स्रोतहरु के के हुन् ?

क)  कृषि ☐   ख) व्यापार ☐   ग)  पशुपालन ☐   घ) ☐

रोगजारी

९)  तपाईंको परिवारको वार्षिक आम्दानी कति हुन्छ ?

क)  ४० हजारसम्म ☐   ख) ४०-६० हजार ☐   ग) ६० हजारभन्दा ☐

माथि

१०) तपाईंको  वार्षिक आम्दानीले परिवारको पालन पोषणको लागि पुग्छ ?

क)  पुग्छ ☐   ख)  पुग्दैन ☐

यदि पुग्दैन भने के-कसरी खर्चको व्यवस्था गर्नु हुन्छ ?

..............................................................................

११) आर्थिक आर्जन कार्यमा परिवारको कुन कुन व्यक्ति संलग्न हुन्छन् ?

क)  श्रीमान ☐   ख)  श्रीमती ☐   ग)  दुबै ☐

घ) सपरिवार ☐

१२) तपाईले कुनै बैंक वा वित्तीय संस्थाबाट ऋण लिनु भएको छ ?

क) छ ☐ ख) छैन ☐

यदि छ भने उक्त रकम कुन कुन शीर्षकमा खर्च गर्नु भयो ?

क) शिक्षा ☐ ख) स्वास्थ्य ☐ ग) खाद्यान्न ☐ घ) अन्य ☐

१३) तपाईंको घरमा के के चाड पर्व मनाउनु हुन्छ ।

.........................................................................

१४) चाड पर्व मनाउनको लागि आवश्यक सरसमानहरु के कसरी जुटाउनु हुन्छ ?

क) आफ्नै स्रोतबाट ☐ ख) सापटी लिएर ☐

ग) दैनिक ज्यालादारी गरेर ☐ घ) अन्य ☐

१५) तपाईंको परिवारमा छोरा छोरीको विवाह गर्ने कार्यमा कसले निर्णय गर्दछ ।

क) श्रीमान ☐ ख) श्रीमती ☐ ग) दुबैले ☐

१६) तपाईंका छोरा छारीले विवाह पश्चात आफ्नो पढाईलाई निरन्तरता दिएका छन् ?

क) छन् ☐ ख) छैनन् ☐

यदि छैन भने किन निरन्तरता दिन नसकेका होलान् ?

..............................................

## ५. शिक्षासंग सम्बन्धित सूचनाहरु

१) तपाईंको परिवारमा विद्यालय जाने उमेरका बालबालिका कति जना छन् ?

................................

२) के तिनीहरुनियमित रुपमा दैनिक विद्यालय जान्छन् ?

क) जान्छन् ☐ ख) जाँदैनन ☐

३) तपाईंले आफ्ना छोरा छोरीलाई कुन कुन विद्यालयमा पढाउनु भएको छ ?

क) सरकारी ☐ ख) बोर्डिङ्ग ☐ घ) अन्य ☐

४) घरको काममा कसले बढी सहयोग गर्ने गर्दछ ?

क) छोरा ☐ ख) छोरी ☐ ग) आमा ☐ घ) बाबु ☐

ङ) सपरिवार ☐

५) तपाईंका छोरा छोरीले घरमा अध्ययनको लागि पर्याप्त समय पाउँछन् ?

क) पाउँदछन् ☐ ख) पाउँदैनन् ☐

यदि पाउँदैनन् भने के कारणले गर्दा नपाएको होलान् ?

.................................................

६) तपाईंको परिवारको दैनिक जीवन चलाउन आवश्यक पर्ने मुख्य स्रोतहरु के के हुन् ?

क) कृषि ☐ ख) दैनिक ज्यालादारी ☐

ग) रोजगारी र कृषि ☐ घ) अन्य ☐

७) तपाईंले कुनै संस्थाबाट सञ्चालित शिक्षासंग सम्बन्धित तालिम/गोष्ठीमा भाग दिनु भएको छ?

क) छ ☐ ख) छैन ☐

यदि छ भने त्यसबाट के के फाइदा भयो र छैन भने किन नलिनु भएको ?

…………………………………………………………………………………

८) तपाईंको समुदायमा बीचैमा विद्यालय छोड्ने बालबालिकाहरु छन् ?

क) छन् ☐ ख) छैनन् ☐

यदि छन् भने तिमीहरुले किन विद्यालय जान छोडेका होलान् ?

…………………………………………………

९) विद्यालय जान छोडेका बालबालिकाहरु के काम गर्दछन् ?

क) घरपरिवारलाई सघाउने ☐ ख) नोकरी गर्न जाने ☐

ग) गाइवस्तुको हेरचाह गर्ने ☐ घ) अन्य ☐

१०) तपाईंको परिवारको मासिक आम्दानी कति हुन्छ ?

क) ४ हजारसम्म ☐ ख) ४-६ हजार ☐

ग) ६-१०हजारसम्म ☐ घ) १० हजारभन्दा माथि ☐

११) आफ्नो मासिक आम्दानीबाट छोरा छोरीको शिक्षाको लागि कति रकम छुट्याउनु हुन्छ ?

…………………………………………

१२) परिवारको आकारले शिक्षा प्राप्तिमा असर गर्छ ?

क) गर्छ ☐ ख) गर्दैन ☐

यदि छ भने के कस्ता कुरामा प्रभाव पारेको छ जस्तो लाग्छ ?

…………………………………………………………………………………

१३) तपाईंको समुदायमा सरकारी तथा गैह्र सरकारी क्षेत्रबाट शिक्षा सम्बन्धी कुनै चेतनामूलक कार्यक्रम सञ्चालन भएको छ ?

क) छन् ☐ ख) छैनन् ☐

यदि छन भने के कस्ता कार्यक्रम सञ्चालन भएका छन् ?

……………………………………

१४)शिक्षा प्राप्त गर्दा र नगर्दा के के फरक हुन्छ जस्तो लाग्छ ?

…………………………………………………

१५) सामाजिक सांस्कृतिक कारणले शिक्षा आर्जन गर्नमा समस्या आएको छ ? ☐

क)  छ ☐                                        ख) छैन

यदि छ भने के के कुरामा समस्या परेको छ जस्तो लाग्छ ?

...................................................................

१६) परिवारको आर्थिक अवस्थाले तपाईका छोरा छोरी विद्यालय पढाउन कठीनाई आउने गरेको छ ?

क)  छ ☐                                        ख) छैन ☐

यदि छ भने के के कुरामा कठीनाईहरु आएका छन् ?

...................................................................

१७) तपाईंले सरकारी क्षेत्र तथा विद्यालयबाट कुनै सहयोग प्राप्त गर्नु भएको छ?

क)  पाएको छु ☐                                ख) पाएको छैन ☐

यदि पाएको छ भने के कस्ता कुराहरुमा सहयोग पाउनु भएको छ ?

......................................................

१८) तपाईं र परिवारका सदस्यहरुलाई शिक्षा प्रदान गर्ने क्रममा के कस्ता समस्याहरु आएका छन् ।

..................................................................

१९) अन्त्यमा तपाईंको केही भन्नु छ ?

........................................................

# अन्तरवार्ता निर्देशिका

उत्तरदाताको नाम : ठेगाना :

उमेर : लिङ्ग :

शैक्षिक योग्यता : धर्म :

पेशा :

१) कुमालहरुको शैक्षिक स्थिति कस्तो छ? यस सम्बन्धमा केही बताइदिनु हुन्छ की ?

..........................................................................................................

..

२) तपाईंको समुदायका बालकालिकाहरु नियमित रुपमा विद्यालय जान्छन् ?

..........................................................................................................

..

३) तपाईंको समुदायमा विद्यालय नजाने बालबालिकाहरु के कति छन् ? उनीहरुलाई विद्यालय पठाउन के गर्नु पर्ला ?

..........................................................................................................

..

४) बालकालिकाको विद्यालयमा नियमित उपस्थितिको लागि तपाईंको तर्फबाट के कस्ता कामहरु गर्दै आउनु भएको छ ?

..........................................................................................................

..

५) तपाईंको समुदायमा बीचैमा विद्यालय छोडेका बालबालिकाहरु के कति छन् ? विद्यालय अध्ययन पूरा गर्न नसकेका बालबालिकाहरु घरमा के कस्ता कार्यमा संलग्न हुन्छन् ?

..........................................................................................................

..

६) तिनीहरुले विद्यालयको अध्ययनलाई निरन्तरता दिन नसक्नुका कारण के के होलान् ?

..........................................................................................................

..

७) अध्ययनलाई निरन्तरता दिन नसकेका बालबालिकाहरुका लागि सरकारी क्षेत्रबाट के के गर्नु पर्दछ जस्तो लाग्छ ?

.....................................................................................................

..

८) शिक्षा आर्जनमा भाषाले के कस्तो समस्या गर्छ जस्तो लाग्छ ?

.....................................................................................................

..

९) विभिन्न अध्ययनहरुले जनजातिको शिक्षामा सहभागिता कम रहेको देखाएका छन् यसको कारण के होला जस्तो लाग्छ ?

.....................................................................................................

..

१०) शैक्षिक स्थिति सुधार गर्ने के के गर्नुपर्ला जस्तो लाग्छ ?

.....................................................................................................

..

११) परिवारको आर्थिक अवस्थाले शिक्षा आर्जनमा के कस्तो समस्या आउने गर्दछ ?

.....................................................................................................

..

१२) सामाजिक सांस्कृतिक कारणले गर्दा शिक्षा प्राप्तिमा के कस्तो असर गर्दछ ?

.....................................................................................................

..

१३) कुमालहरुको शिक्षामा सहभागिता बढाउन सरकारी तथा गैह्र सरकारी क्षेत्रबाट के कस्ता कार्यक्रमहरु सञ्चालन भएका छन् ?

.....................................................................................................

..

१४) शिक्षा आर्जन गरिसेकपछि कुमालहरु त्यसबाट के कस्ता कार्यमा लाभान्वित भएका छन् ?

.....................................................................................................

..

१५) अन्त्यमा तपाईंको केही भन्नु छ ?

..............................................................................................................

..

# अनुसूची ख

## फोटोहरू



रानीपौवा उ.मा.वि., सल्यानटार



कुमाल विद्यार्थीहरु



कक्षा सातका विद्यार्थीहरु



उत्तरदातासँग अन्तरवार्ता लिँदै